जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक ८, २०८० साल जेठ १९ गते शुक्रबार, नेपाल संवत् ११४३ (June 2, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## संसद् भवनमा ग्रेटर नेपालको नक्सा राख्न माग



काठमाडौं । प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाले नेपालको संसद् भवनमा 'ग्रेटर नेपाल' को नक्सा राख्नुपर्ने बताएकी छिन् । बिहीबार निर्माणाधीन नयाँ संसद् भवनको अनुगमनका क्रममा उनले यस्तो बताएकी हुन् ।

भारतले आफ्नो संसद् भवनमा नेपालको लुम्बिनी समेटेर 'अखण्ड भारत' को नक्सा सार्वजनिक गरेको विषयमा सञ्चारकर्मीले राखेको जिज्ञासामा बाँकी ८ पेजमा

## नागरिकता विधेयक प्रमाणीकरणविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं । राष्ट्रपतिले बुधबार गरेको नागरिकता विधेयक प्रमाणीकरणविरुद्ध सर्वोच्चमा रिट परेको छ । वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीलगायतले बिहीबार यसविरुद्ध रिट पेस गरेका हुन् ।

रिट निवेदन दर्ताको प्रक्रियामा रहेको छ । रिटमा राष्ट्रपतिको कदम खारेज गरी नागरिकतासम्बन्धी कानुन संसदीय प्रक्रियाअनुसार बनाउन माग गरिएको छ । वरिष्ठ अधिवक्ता भण्डारीका अनुसार राष्ट्रपतिबाट प्रमाणीकरण भएको विधेयकलाई तत्काल ऐनको अंग नबनाउन माग भएको हो । उनले भने, 'राष्ट्रपतिबाट हिजो प्रमाणीकरण भएको विधेयकलाई ऐनको अंग नबनाइपाऊँ भनेर माग गरेका छौं । बाँकी ८ पेजमा

# लेण्डुपको भूमिकामा राष्ट्रपति पौडेल


काठमाडौं । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी शितलनिवासको दराजमा थन्क्याइदिएको राष्ट्रघाती नागरिकता विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले फुत्त निकालेर सत्ता गठबन्धनका शीर्ष नेताहरूको आग्रहमा प्रमाणीकरण गरिदिएका छन् । भारत भ्रमणमा दिल्ली पुगेका प्रधानमन्त्री प्रचण्डले यो खुसीको खबर सायद हिजै हैदरावाद हाउसमा आफ्ना समकक्षी नरेन्द्र दामोदर दास मोदीलाई सुनाइसकेका छन् । प्रचण्ड भारत भ्रमणमा निस्किएकै दिन बुधबारको शुभ साइत पारेर राष्ट्रपति पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गर्नु संयोग मात्र होइन, भारतको चासोको सम्बोधन गरिएको खुस खबरी प्रवाह गर्नु नै हो । भौगोलिक विस्तारवादी नीति लिएको भारत नेपालीलाई जनसांख्यिक रुपले समेत अल्पमतमा पारेर नेपाललाई फिजीकरण गर्दै सिक्कमीकरण गर्न उद्यत छ । यसकै एक शृङ्खला हो अहिलेको नागरिकता विधेयक ।

ब्रिटिश लेखक जेपी क्रसले लेखेको 'द कल अफ नेपाल' नामक प्रस्तावमा उल्लेख भएअनुसार भारतले सन २००० सम्ममा नेपाललाई आफ्नो एक प्रान्त बनाइसक्ने सपना देखेको थियो । तर दिल्लीको त्यो सपना अहिलेसम्म पूरा भएको छैन । त्यसको पूर्व रिहर्सलका रुपमा राजा वीरेन्द्रको पालामा नागरिकता विधेयकलाई 'अर्थ विधेयक' भनी संसदबाट राजाकहाँ पठाइएको विधेयकलाई लिन सकिन्छ । अहिले त्यही भारतीय मिसनलाई पूरा गर्ने गरी नागरिकता विधेयक ल्याइएको छ । भारत एकातिर नेपालको सीमा निरन्तर मिच्दै आइरहेको छ भने अर्कोतिर भारतीयहरूलाई नेपाली नागरिक बनाएर अर्को महिन्दा चौधरी खडा गर्ने र नेपाललाई नेपालाञ्चल बनाउने रणनीतिमा रहेको छ । तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले स्वतन्त्र राष्ट्र सिक्किमलाई भारतमा विलय गराएपछि नेपालको तराई टुक्र्याइ भारतमा गाभ्न भारतीय खुफिया एजेन्सी रअको मिसन सन् १९७५ मा तराईमा केन्द्रित भएको थियो भनेर



आरके यादवले मिसन रअमा उल्लेख गरिसकेका छन् । तत्कालीन रअ प्रमुख काओले यसको नेतृत्व गरेका थिए । तत्कालीन रअ प्रमुख काओले यसको नेतृत्व गरेका थिए । तर त्यसबेला भारतमा संकटकाल र त्यसपछिको निर्वाचनमा इन्दिरा गान्धीको पराजयले नेपालको तराई भूभाग हडप्ने रअको योजना अलपत्र परेको थियो ।

पुरानो संविधानले वंशज, अंगीकृत र जन्मका आधारमा गरी तीन प्रकृतिका नागरिकता प्रचलनमा ल्याइएकामा नयाँ संविधानले जन्मका आधारमा दिइने नागरिकता सम्बन्धी व्यवस्थालाई हटाएको थियो । तर त्यसअघि नै जन्मका आधारमा नागकिरता पाएका (२०४६ चैत मसान्तसम्म नेपालमा जन्मिएका



स्थायी रुपमा बसोबास गरी २०६४ संविधानसभाको निर्वाचन अघि निवेदन दिएर पाएका मात्र) करिब एक लाख ९० हजार व्यक्तिका सन्तानलाई वंशजको नागरिकता प्रदान गर्ने व्यवस्था २०७२ को संविधानमा गरिएको छ । त्यसकै लागि कानुन बनाउन अहिलेको विधेयक ल्याइएको हो । गैरआवासीय नेपालीलाई पनि निश्चित सीमासहित नागरिकता प्राप्त गर्ने अर्को प्रावधान छ । जन्मका आधारमा नागरिकता पाएका व्यक्तिका सन्तानले वंशजको नागरिकता पाउने र गैरआवासीय नेपालीलाई नागरिकता दिने दुवै प्रावधानमा खासै विवाद छैन । तर जन्मका आधारमा नागरिकता कति भारतीयहरूले पाएका छन् र तिनका सन्तानलाई वंशजको नागरिकता बिना छानबिन किन दिँइदैछ ? प्रश्न यहींतिर हो । अर्को वैवाहिक अंगीकृत नागरिकता सम्बन्धी प्रावधानमा हो ।

अहिले नागरिकतासम्बन्धी हकलाई नियमत गर्ने कानुन २०६३ सालको 'नेपाल नागरिकता ऐन' हो । उक्त ऐनले नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा विदेशी नागरिकता ल्याउने कारबाही चलाएको निस्सा पेस गर्नुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्था ०४९ को कानुनबाट साभार गरिएको हो । नागरिकता विधेयक दफा (४) मा वैवाहिक अंगीकृत नागरिकताका सवालमा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई नागरिकता दिन राखिएको ७ वर्षको प्रावधान हटाइएको छ । विदेशीसँग वैवाहिक सम्बन्ध कायम गरेकी नेपाली महिलाको हकमा उनका पति र सन्तानका लागि अंगीकृत नागरिकता पाउन १५ वर्षको अवधि प्रस्ताव पनि विधेयकबाट हटाइएको छ । धारा ११ (६) मा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने व्यवस्था छ । संविधानको भावनासँग मिल्ने व्यवस्था ०६३ को नागरिकता ऐनमा पनि छ । विवाहकै भोलिपल्ट अंगीकृत नागरिकता दिइने प्रचलन विश्वका कुनै पनि देशमा छैन । भारतमा विदेशी बुहारीका लागि ७ वर्षे प्रावधान छ । भुटानमा ६ वर्ष, पाकिस्तानमा ५ वर्ष माल्दिभ्समा ५ वर्ष श्रीलंकामा ५ वर्ष बंगलादेशमा ४ वर्षको प्रावधान छ ।

राष्ट्रपतिबाट संसदलाई छलेर प्रमाणीकरण गरिएको विधेयकमा २०७२ असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको बाँकी ८ पेजमा

## सीमा विवाद समाधान गर्न मोदी तयार



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणमा सिलिगुढी-झापा पेट्रोलियम पाइपलाइन निर्माण कार्यको समझदारीदेखि क्रस बोर्डर डिजिटल पेमेन्टसम्मको समझदारी भएको छ । प्रधानमन्त्री दाहाल र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त पत्रकार सम्मेलनमार्फत यसबारे जानकारी दिएका हुन् । बहुप्रतिक्षित रहेको हवाई रुट विस्तार र पञ्चेश्वर बहुद्देश्यीय परियोजनामा महाकालीको पानी बाँडफाँटको ठोस सहमति हुन सकेन । नेपालको मुख्य एजेन्डामा रहेका यी विषयमा भारत सहमतिमा आउन नसकेपछि अन्य ७ वटा विषयमा मात्र सम्झौता भयो ।

संयुक्त पत्रकार सम्मेलनका मुख्य विषयहरूमा भारतको बथनाहाबाट विराटनगर कस्टम यार्डसम्मको कार्गो रेल सेवाको उद्घाटन, सुनौली भैरहवा इन्टिग्रेटेड चेकपोस्टको शिलान्यास, नेपालगञ्ज रूपैडिया इन्टिग्रेटेड बाँकी ८ पेजमा

## मेलम्चीको पानी वितरण सुरू

काठमाडौं । आयोजना मर्मतका लागि करिब दुई साता बन्द गरिएको मेलम्चीको पानी पुनः काठमाडौं आउन थालेको छ । मेलम्ची खानेपानी विकास समितिका अनुसार १६ जेठमा मेलम्चीको पानी उपत्यका आइपुगेको हो ।

मेलम्ची खानेपानी आयोजना मर्मतका लागि ६ जेठमा पानीको मुहान बन्द गरिएको थियो । सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका- १ स्थित आयोजनाको सुरुङ दुई वर्षअघिको बाढीले क्षति पुऱ्याएको थियो । त्यसयता 'हेडवर्क्स'लगायत संरचना मर्मत नभएका यस वर्ष बर्खाअघि मर्मत गर्न बन्द गरिएको हो । दुई साता उपत्यकामा मेलम्चीको पानी रोकिँदा हाहाकार हुन थालिसकेको थियो । पानी पुनः आएपछि उपत्यकामा केही राहत भएको छ ।

## विशाल नेपाल महाअभियानद्वारा विरोध प्रदर्शन

काठमाडौं । विशाल नेपाल महाअभियानले भ्रष्टाचारको विरुद्धमा रत्नपार्कस्थित शान्ति बाटिकामा हालै विरोध प्रदर्शन तथा सभा सम्पन्न गरेको छ । नक्कली भूटानी शरणार्थी प्रकरणमा सिंगो गृह प्रशासन परिचालन गरी गरेको भ्रष्टाचार तथा भ्रष्टाचारका विभिन्न प्रकरणको विशाल नेपाल महाअभियानले भण्डाफोर गरेको छ । भ्रष्टाचारविरुद्धको आन्दोलन तथा देशभक्त चलचित्र नायकलाई प्रोत्साहन नामको ब्यानरमा भएको विरोध सभामा देशभक्तिपूर्ण चलचित्रका निर्माता निर्देशक तथा नायक नवल खड्कालाई एक लाख पचास हजार नगदसहित सम्मान गरिएको थियो ।

सभालाई सम्बोधन गर्दै विशाल नेपाल महाअभियानका संयोजक सुरेन्द्र ढकालले भ्रष्टाचारले मुलुक खोक्रो पारेको भन्दै भ्रष्टाचारीलाई कठोर कारबाही गरिनुपर्छ भन्नुभयो । ढकालले सभापतिको




आसनबाट बोल्दै कार्यक्रमको उद्देश्य र महाअभियान गठनको औचित्यबारे प्रकाश पार्नुभएको थियो । भविष्यमा ग्रेटर नेपाल बन्ने सम्भावना भएकाले ग्रेटर नेपाल अभियानमा विभिन्न ठाउँमा छरिएको शक्तिलाई एकै छानामुनि समेटेर बृहत रुपमा अभियान सञ्चालन गर्न महाअभियान बनाउनु परेको बताउनुभयो । महाअभियानमा जोडिन नेपाली राष्ट्रवादप्रति प्रतिबद्ध व्यक्ति तथा समूहलाई उहाँले अपिल गर्नुभयो । आर्थिक रुपले नेपाल सम्पन्न बनेको खण्डमा टिस्टा–काँगडामा छरिएका नेपाली सीमा भत्काएर ग्रेटर नेपालमा समाहित हुने उहाँको धारणा थियो । मुलुकको आर्थिक समृद्धिको बाधकका रुपमा रहेको भ्रष्टाचारलाई निर्मल पार्नुपर्छ भन्दै ढकालले राज्यले र अदालतले भ्रष्टाचारीलाई बचाएको खण्डमा जनताले बाँकी ८ पेजमा

## अखण्ड भारतको नक्सामा नेपालका लुम्बिनी र कपिलवस्तु

काठमाडौं । भारतमा आइतबार उद्घाटन भएको नयाँ संसद् भवनमा 'अखण्ड भारत'को नक्सा भित्तामा अंकित गरिएको छ । सो नक्सामा 'अखण्ड भारत' भन्दै नेपालको लुम्बिनी, कपिलवस्तुदेखि पाकिस्तानको तक्षशिलासम्मको क्षेत्रलाई समेटिएको छ । संसद्को नयाँ भवनको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले धार्मिक कार्यक्रमसहित आइतबार उद्घाटन गरेका थिए । भारतीय सञ्चार माध्यमहरूले विगतका महत्वपूर्ण अधिराज्य तथा सहरहरूलाई समावेश गरेको जनाएका छन् ।

सत्तारुढ भारतीय जनता पार्टी (बीजेपी) को मातृ संस्था राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) ले अखण्ड भारतको विषयलाई उठाउँदै आएको छ । जसलाई प्राचीन समयमा भारतीय प्रभाव क्षेत्रको रुपमा व्याख्या गर्ने गरेको छ ।

भारतका संसदीय मामिला मन्त्री प्रल्हाद जोशीले अखण्ड भारत अंकित मुरालको फोटो बाँकी ८ पेजमा

## आगामी वर्ष सार्वजनिक ऋण साढे २५ खर्ब पुग्ने

काठमाडौं । आगामी आर्थिक वर्ष ०८०/८१ को अन्त्यसम्म नेपालको सार्वजनिक ऋण साढे २५ खर्ब पुग्ने अनुमान गरिएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले सोमबार संसद्मा प्रस्तुत बजेटमा आगामी आवमा नेपाल सरकारले तिर्नुपर्ने ऋण २५ खर्ब ५६ अर्ब ९७ करोड रुपैयाँबराबर पुग्ने देखिएको हो ।

सरकारले आगामी आवमा दुई खर्ब ४० अर्ब आन्तरिक ऋण र दुई खर्ब १२ अर्ब वैदेशिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । लक्ष्यअनुसार ऋण परिचालन भएमा आन्तरिक ऋण ११ खर्ब ८४ अर्ब नौ करोड र बाह्य ऋण १३ खर्ब ७२ अर्ब ८८ करोड पुग्नेछ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्म नेपालको सार्वजनिक ऋण साढे २१ खर्ब पुगेको छ । सरकारले चालू आवको अन्त्यसम्म सार्वजनिक ऋण २३ खर्ब २९ अर्ब ४० करोड पुग्ने संशोधित अनुमान गरेको छ । चालू आवको सुरुमा नेपालले तिर्न बाँकी ऋण २० खर्ब १० अर्ब ९० करोड थियो । चालू आवमा कुल ऋण प्राप्ति चार खर्ब २६ अर्ब ५३ करोड हुने संशोधित अनुमान छ । चालू आवमा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) ५३ खर्ब ८१ अर्बबराबर पुगेको अनुमान छ । सरकारले आगामी आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धिदर गर्ने र मूल्य वृद्धि ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको छ । यो वृद्धिदरलाई आधार मान्दा आगामी आवमा नेपालको जिडिपी ६० खर्ब ५३ अर्ब हाराहारी पुग्ने देखिन्छ । यदि सरकारी अनुमानअनुसार आगामी आवमा सार्वजनिक ऋण साढे २५ खर्ब पुगेमा त्यो जिडिपीको ४२.३ प्रतिशत हुन आउँछ ।

नेपालको सार्वजनिक ऋणसँगै ऋण सेवामा हुने खर्च बढिरहेको अर्थशास्त्री डा. विश्वास गौचनले बताए । नयाँ पत्रिकासँग उनले भने 'हाम्रो ऋण जिडिपीको ४०-४२ प्रतिशत पुगिसकेको छ, ऋण सेवामा हुने खर्च बढेको छ, अबचाहिँ कर्जाको परिचालन छिटो र उच्च प्रतिफल दिने पूर्वाधार विकासकै लागि हुनुपर्छ ।' आगामी आर्थिक वर्षमा सरकारले ऋण सेवामा मात्रै सवा तीन खर्ब रुपैयाँ खर्च बाँकी ८ पेजमा

## कुन-कुन वस्तु र सेवामा भए करका दर हेरफेर ?

**समय सन्दर्भ**

**रासस**

काठमाडौं । सरकारले सोमबार संघीय संसदमा प्रस्तुत गरेको आर्थिक विधेयकमार्फत विभिन्न वस्तु तथा सेवामा लाग्दै आएको करका दरमा हेरफेर गरेको छ । भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर (भ्याट), शिक्षा सेवा करलगायतमा हेरफेर गरिएको हो ।

आर्थिक विधेयकले भ्याट र अन्तःशुल्कमा दिँइदै आएको अधिकांश छुट कटौती गरेको छ । भ्याटका एक सय ७० र अन्तःशुल्कका तीन सय ४० छुटका दरहरू खारेज गरिएका छन् ।

आयकरतर्फ वार्षिक रु ५० लाखभन्दा बढीको आयमा लाग्ने आयकर बढाइएको छ । पाँचतारे क्षमताभन्दा माथिका होटल, विदेशी मदिरा र १० लाखभन्दा माथिको गरगहनामा विलासिता कर लगाइएको छ । विदेश पढ्न जाने विद्यार्थीले सटही सुविधा लिँदा तीन प्रतिशत सेवा शुल्क तिर्ने र वैदेशिक रोजगारीमा जानेले एक प्रतिशत सेवाशुल्क तिर्ने व्यवस्था ल्याइएको छ ।

**अन्तःशुल्कतर्फ :**

सरकारले अन्तःशुल्कतर्फ मदिरा, पत्रु खाना (जंकफुड) देखि विद्युतीय सवारी साधनसम्ममा करका दर हेरफेर गरेको छ ।

आर्थिक विधेयक अनुसार उखुको खुदोको अन्तःशुल्क प्रतिक्विन्टल ९६ बाट बढाएर प्रतिक्विन्टल रु एक सय पाँच बनाइएको छ । सख्खर (गुँड र भेलीसमेत), गुँडगट्टाको अन्तःशुल्क पनि प्रतिक्विन्टल रु एक सय पाँच पुऱ्याइएको छ ।

अन्डा मिसाइएका स्पागेटी, म्याक्रोनी, नुडल्स, लसान्या, नोकी, राभिओली, कुकु (उत्तर अफ्रिकी खाद्य पदार्थ) पास्तालगायतका वस्तुमा प्रतिकिलो रु १७ अन्तःशुल्क लाग्ने गरेकामा बढाएर प्रतिकिलो रु २० पुऱ्याइएको छ । कुरकुरे, कुरमुरे, लेज, चिजबल प्रतिकिलो रु १७ अन्तःशुल्क रहेकामा त्यसलाई बढाएर प्रतिकिलो रु २० पुऱ्याइएको छ । आलु चिप्स प्रतिकिलो रु १७ अन्तःशुल्क लाग्ने गरेकामा रु एक बढाएर रु १८ पुऱ्याइएको छ ।

सुन्तलाको रस (फ्रोजेन ओरेन्ज जुस), भोगटेको रस, भुइँकटहरको रस, गोलभैँडाको रस (टमाटो जुस), अंगुरको रस, स्याउको रस, आँपको रस, क्यानबेरी जुस, म्याक्रोकार्पन जुसलगायत वस्तुमा प्रतिलिटर रु ११ बाट बढाएर रु १३ पुऱ्याइएको छ । सुर्तीरहित पान मसला प्रतिकिलो आठ सय २१ बाट बढाएर आठ सय ५० पुऱ्याइएको छ । त्यस्तै, सुर्तीरहित सुगन्धित सुपारी (गुटखा) को अन्तःशुल्क प्रतिकिलो रु तीन सय ५० बाट बढाएर रू तीन सय ६५ पुऱ्याइएको छ । अल्कोहलरहित बियर प्रतिलिटर ३० बाट बढाएर प्रतिलिटर ३५ र जौबाट बनेको बियर प्रतिलिटर रु दुई सय २८ बाट बढाएर रु दुई सय ३५ पुऱ्याइएको छ ।

एक्स्ट्रा न्युट्रल अल्कोहल (इएनए) प्रतिलिटर रु ८६ बाट बढाएर प्रतिलिटर रु ९० पुऱ्याइएको छ । ८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको डिनेचर्ड स्प्रिटमा प्रतिलिटर रु ३० अन्तःशुल्क लाग्ने गरेकामा रु ३५ पुऱ्याइएको छ ।

वाइन र ब्रान्डीको कच्चा पदार्थका रुपमा प्रयोग हुने सबै प्रकारका स्प्रिटहरूको अन्तःशुल्क प्रतिलिटर रु दुई सय २८ बाट बढाएर रु दुई सय ३५ पुऱ्याइएको छ । १५ यु.पी शक्तिको (४८ दशमलव पाँच प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी मदिरामा प्रतिलिटर रु एक हजार सात सय ५० बाट रु एक हजार आठ सय पुऱ्याइएको छ ।

त्यस्तै, ३० युपी शक्ति (३९ दशमलव ९४ प्रतिशत अल्कोहल भएको) तयारी मदिरामा प्रतिलिटर रु एक हजार दुई सय १५ बराबर अन्तःशुल्क लाग्ने गरेको थियो । त्यसलाई बढाएर प्रतिलिटर रु ३५ बढाएर रु एक हजार दुई सय ५० पुऱ्याइएकोछ । ह्विस्कीको कच्चा पदार्थका रुपमा प्रयोग हुने स्प्रिटमा प्रतिलिटर रु दुई सय २८ बराबर अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर प्रतिलिटर रु दुई सय ३५ पुऱ्याइएको छ ।

त्यस्तै, रम र अन्य स्प्रिटहरूको कच्चा पदार्थका रुपमा प्रयोग हुने उखुको उत्पादनका स्प्रिटमा पनि प्रतिलिटर रु दुई सय २८ बाट बढाएर रु दुई सय ३५ पुऱ्याइएको छ । १५ युपी शक्तिको ह्विस्की (४८ दशमलव पाँच प्रतिशत) अल्कोहल मात्रा भएकोलाई प्रतिलिटर रु एक हजार सात सय ५० बराबर बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# आयबिनाको बजेट

संसद्को संयुक्त सदनमा आर्थिक वर्ष २०८०/०८१ का लागि बजेट प्रस्तुत भएको छ । यसमा सकारात्मकभन्दा नकारात्मक कुरा बढी पनि भेटिन्छन् । मूल कुरा कार्यान्वयनको हो । राम्रा व्यवस्था भएर पनि कार्यान्वयन हुन सकेन भने त्यसको कुनै औचित्य हुँदैन । संसद्को हिउँदे अधिवेशन सकिएर बजेट अधिवेशन सुरू भएको केही समय बितेको छ । बर्खे अधिवेशन वा बजेट अधिवेशनमा बजेट पेस भएपछि यसमा व्यवस्थित गरिएका कुरामा केन्द्रित रही त्यसमाथि छलफल गर्ने गरिन्छ र त्यसलाई बहुमतको निर्णयानुसार पारित गरिन्छ । वर्तमान संविधानको प्रावधान अनुसार बजेट पेस गर्ने निश्चित दिन तोकिएको छ । प्रत्येक वर्ष जेठ १५ गते सरकारले आगामी एक आर्थिक वर्षका लागि आयव्ययको अनुमानित व्यवस्था गरेको हुन्छ । यस पटकको बजेटमा व्यवस्था गरिएका केही सन्दर्भले देशमा आर्थिक अवस्था कमजोर बन्दै गएको छ भन्ने देखिन्छ । अर्थतन्त्र बिग्रँदो अवस्थामा छ भन्ने संकेत बजेटबाट अनुभूति भएको छ । संसद्मा पेस भएको बजेटमाथि सांसदहरूबाट छलफल गरी निश्चित निष्कर्षमा पुगेपछि त्यसलाई पारित गरिन्छ ।

सरकारका तर्फबाट राष्ट्रलाई एक वर्षका लागि चाहिने खर्च व्यवस्थापनको विस्तृत आर्थिक व्यवस्थापन बजेट हो । यसलाई संबद्ध व्यक्तिहरूले गोप्य राख्नुपर्ने अनिवार्य तथा बाध्यात्मक व्यवस्था छ । बजेट निर्माणमा संलग्नहरूले यसलाई गोपनीयता भंग हुनेगरी सार्वजनिक गरेका खण्डमा सजायभागी हुनुपर्दछ । बर्खे अधिवेशन नै बजेट पेस गर्न, छलफल गर्न र पारित गर्नका लागि हो । त्यसैले यसका लागि प्रारम्भिक छलफल वा स्वरूपबारे बजेट निर्माण गर्ने पक्षले निर्माणपूर्व नै व्यवस्था गरेको हुन्छ भने प्रस्तुत भइसकेपछि त्यसमा व्यवस्था भएका विषयमाथि छलफल गरिन्छ । बजेटमा सावधानी अपनाइनुपर्छ, कमीकमजोरी रहनु हुँदैन । वितरण प्रणाली समानुपातिक तथा समन्यायिक हुनुपर्छ । बजेटमा गरिएका व्यवस्थामा विश्वसनीयता हुनु आवश्यक छ । जनताले यसका व्यवस्थालाई विश्वास गर्न सक्नुपर्छ अथवा व्यवस्थाहरू जनतालाई विश्वास दिलाउन सकिने खालका हुनुपर्छ । संसद्मा प्रस्तुत गरिने बजेटमा विपक्षको भावनासमेत प्रतिबिम्बित हुनसके बजेटको औचित्य रहन्छ । विपक्षले गुण/दोष हेरेर समर्थन र विरोध गर्नुपर्छ । विरोधका लागि विरोध गर्नु कदापि हितकर हुँदैन । त्यसो भयो भने राज्य व्यवस्थाको अग्रगमनमा अवरोध सिर्जना हुनपुग्छ । बजेटले यसतर्फ ध्यान पुऱ्याएको मानिन्छ । सरकारबाट पेस भएका सबै बजेट घाटा बजेटका रूपमा निर्माण गरिएका छन् । अपुग रकम चाहिँ अनुदान र ऋण लिएर पूर्ति गर्ने भन्ने गरिन्छ ।

यसका साथै जनतालाई कर लगाइन्छ र विलासिताका संशाधनमा अत्यधिक कर लगाइन्छ । यस पटक पनि यस्तै व्यवस्थाले निरन्तरता पाएको छ । जनतालाई अनावश्यक करको भारी थोपर्नु उचित हुँदैन । आर्थिक वर्षको बजेटमा पनि कमीकमजोरी छन् । तिनलाई सच्याएर अघि बढ्न सकिन्छ । यसतर्फ ध्यान दिनुपर्ने हुन्छ । बजेटका कारणले सिंगो प्रणालीप्रति नै जनताको नकारात्मक दृष्टिकोण सिर्जना हुन नपुगोस् भन्नेतर्फ यो बजेटले सावधानी अपनाएको पाइन्छ । पहिलेका सरकारहरू विशेषगरी कम्युनिष्ट सरकारहरूकापालाका अर्थमन्त्रीहरूले बजेटमा अनेक काल्पनिकी जोडेर लोकप्रिय बनाउने गरेको इतिहासतर्फ ध्यान दिई यस वर्ष त्यसभन्दा पनि जनतालाई राहत पुग्ने र लागू गर्न सकिने यथार्थ तथ्यहरूको समावेश बजेटमा गरिएको पाइन्छ । बजेटमा उल्लेख भएका कुराहरूलाई सिद्धान्ततः कागजी रूपमा तयार पार्नुभन्दा व्यवहारमा उतार्न कठिन काम हो । हाल बजेटमा रहेभएका व्यवस्थालाई कार्यान्वयन गर्नेतर्फ सरकारले प्रयास गर्नु आवश्यक छ । देशमा गणतन्त्र दिवस र बजेट प्रस्तुत गर्ने दिन एकै दिन पर्छ । हत्याको जघन्य अपराधमा जेल सजाय भोगिरहेका रेशम चौधरीलाई उनको अपराध माफी गरेर हिजै छुटाइएको छ । तीन तहको अदालतबाट आरोपित दोषी प्रमाणित भएका व्यक्तिलाई सरकारबाट आममाफीका नाममा छोड्नाले एकातिर तीनै तहका अदालतको मानहानी भएको छ भने अर्कातिर राष्ट्रपति र गणतन्त्रको मर्यादामा आँच पुगेको छ । सरकारले यसको औचित्य जनतासमक्ष पुष्टि गर्न सके गणतन्त्रको मर्यादा बढ्नसक्थ्यो । नत्र यसबाट संघीय लोकतान्त्रिक गणतन्त्रकै धज्जी उडिरहेको नेपाली जनताले महसुस गरिरहेका छन् ।

# सरकारको नीति कार्यक्रम र बजेट विशाल नेपाल महाअभियानको कसीमा



सुरेन्द्र ढकाल

१) हामी विशाल नेपाल अभियानमा लाग्नेहरू नेपाल भारत सीमामा काँडेतार लगाई पासपोर्ट प्रणाली लागु गर्नुपर्छ भन्दछौ तर यस विषयमा सरकारको नीति कार्यक्रम र बजेट मौन छ ।


२) हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू भारतले मिचेको सीमास्थानहरूमा सशस्त्र प्रहरी वा सेना तैनाथ गर्नु पर्दछ भन्दछौ तर यस विषयमा सरकारको नीति कार्यक्रम र बजेट मौन छ ।

३) हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू सार्वजनिक यातायातको पूर्ण विद्युतीकरणको माग गर्छौं तर यस विषयमा सरकारको नीति कार्यक्रम र बजेट पूर्णरुपमा प्रतिबद्ध देखिंदैन ।

४) हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू पुँजिगत खर्च (विकास बजेट) ७० प्रतिशत र चालु (साधारण) खर्च ३० प्रतिशत हुनुपर्छ भन्छौ तर यस विषयमा सरकारको नीति कार्यक्रम र बजेट ठीक उल्टो देखिएको छ । के २० प्रतिशतको विकास बजेटले समृद्धि हासिल हुन्छ ? झन त्यसमाथि विकास बजेट खर्च गर्ने सरकारको क्षमता ३० प्रतिशतको हाराहारीमा मात्रै छ ।

५) हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू राष्ट्रपतिदेखि वडा सदस्यहरूको तलवभत्ता सुविधा पूर्ण रुपमा खारेज गर्नैपर्ने र दिनैपर्ने भए जीवन निर्वाहको सिद्धान्तअनुरुप दालभात डुकु खान पुग्ने मात्र दिनुपर्छ भन्छौ तर यसतर्फ सरकारको नीति कार्यक्रम र बजेटले कुनै चासो राखेको छैन ।

६) पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ऋण तिर्न हम्मे परेको बेला, गौतम बुद्ध विमानस्थल भारतसँग रुट नपाएको कारण झण्डै बन्दजस्तो रहेको बेला ८० लाख प्राकृतिक रुख र वन्यजन्तु अनि चराचुरुंगीहरूको वासस्थान नास गरी निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु हुँदैन भन्ने हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरूको माग रहेको अनि अदालतले पनि नगर्नु भनेको कुरालाई सरकारको नीति कार्यक्रम र बजेटमा कसरी पऱ्यो ? के यो नेपालको जैविक विविधता नास गर्ने प्रपञ्च होइन ? के यो नेपाललाई अझ बढी वैदेशिक ऋणमा डुबाउने प्रपञ्च होइन ?






७) अत्यावश्यक सेवाजस्तो शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात संचार, खानेपानी ढलनिकास, शान्ति सुरक्षा र खाद्य सुरक्षाजस्ता कुराहरू राज्यले गर्नु पर्दछ । यस्तो क्षेत्रमा निजी लगानीलाई सीमित गर्नुपर्छ भन्छौं हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू । तर सरकारी नीति कार्यक्रम र बजेटले यो दिशा पक्रन सकेको छैन ।

८) सरकारी ढुकुटीबाट तलव खानेहरूका छोराछोरीहरूलाई सरकारी सामुदायिक विद्यालयमा नै पढ्नुपर्ने बाध्यकारी व्यवस्था होस् भन्ने हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरूको माग छ तर यसतर्फ सरकारको ध्यान गएको पटक्कै देखिदैन ।

९) नेपालमा उत्पादन हुन सक्ने अन्न, तरकारी, फलफूल तथा मासुको आयातमा क्रमशः कडाइ गर्दै बन्द गर्नुपर्ने, खाली जग्गा कसैले पनि राख्न नपाउने हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरूको माग छ । यस्ता कुरालाई नीति, कार्यक्रम तथा बजेटले कुनै महत्व दिएको छैन ।

१०) सामान्यतया संघीय राजनीतिक व्यवस्थामा स्थानीय विकासको सम्पूर्ण जिम्मा स्थानीय सरकारको हुन्छ । त्यस्तो व्यवस्थाको विपरीत सांसद क्षेत्र विकास भनेर बजेट छुट्याउनु संघीय व्यवस्थाकै उपहास हो । यस्तो व्यवस्थालाई निरन्तरता दिने कार्य यसपालिको नीति, कार्यक्रम र बजेटले पनि गरेको छ । हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू संघीयताको अर्थतन्त्रलाई यस देशले धान्न सक्दैन भन्ने मान्यता राख्छौं तसर्थ बजेटमा संसदीय विकाश कोष व्यवस्था खारेज गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो ।

माथि बुँदागत रुपमा भनिएका सबै कुराको कसीमा यस वर्षको बजेटलाई हेर्दा यस बजेट औचित्यताको सिद्धान्त विपरीत प्रस्तुत भएको कारण यस्तो सरकारी नीति, कार्यक्रम र बजेटको हामी विशाल नेपाल महाअभियानमा लाग्नेहरू घोर विरोध गर्दछौं ।

# अष्ट्रेलियाको रियल स्टेटमा नेपालीलाई बाटो देखाउने युवा

■ ममता केसी

अध्ययनका लागि विदेशिने नेपालीको प्रायः एकैखाले सपना हुनेगर्छ- पढाइ पूरा गर्ने र गतिलो जागीर खोजेर स्थापित हुने । त्यसमध्येका केही अन्तर्राष्ट्रिय डिग्री लिएर स्वदेश फर्किन्छन् । पछिल्लो समय विदेशमा जागिर मात्र होइन व्यवसाय र लगानी गरेरै अरूलाई रोजगारीसमेत दिँदै आएका छन् ।

प्रत्येक वर्ष नेपालबाट अष्ट्रेलिया अध्ययन गर्न आउने विद्यार्थीको संख्या उच्च छ । अमेरिका र बेलायतको दाँजोमा सजिलैसँग भिसा पाईने र पढाईपछि पनि लामो समयसँग बस्न मिल्ने प्रावधान भएकाले अष्ट्रेलिया नेपाली विद्यार्थीमाझ लोकप्रिय छ । यसरी विद्यार्थी बनेर अष्ट्रेलिया आएका केही नेपालीले परदेशमा सफल व्यवसायीको परिचय बनाइसकेका छन् । आफ्नै मिहिनेतले यहाँको तीव्र प्रतिस्पर्धात्मक बजारमा अलग परिचय बनाउन थालेका उनीहरू समुद्रपारको नेपाली डायस्पोरालाई गर्विलो पार्ने काम गरिरहेका छन् ।

अष्ट्रेलियाकै धनाढ्यको सूचीमा समेटिएका गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष शेष घलेपछिको यो पुस्ता लगानी र व्यवसायमा विविधिकरण समेत भित्याउँदैछ । नयाँ सम्भावनाको खोजी गरिरहेको र घरजग्गा व्यवसाय, शिक्षा, हस्पिटालिटी, रेस्टुरेन्टलगायतका क्षेत्रमा स्थापित हुँदै गरेको यो पुस्ताले आफ्नो सफलतालाई नेपालमा समेत जोड्ने प्रयास गर्दैछ । पराइ भूमिमा आउने युवायुवतीको ध्यान केवल अर्काको कम्पनीमा काम गर्नु मात्र होइन भन्ने उनीहरूले पुष्टि गर्न थालेका छन् ।

आफ्नो थाँतथलो छाडेर विदेश पसेका युवायुवतीको उद्यमी बन्ने चाहनाले एकातिर उनीहरूलाई पुँजी संकलनमा त सहयोग पुऱ्याइरहेको छ नै अर्कोतिर त्यस्ता नवउद्यमीले रोजगारी पनि सिर्जना गरिरहेका छन् । यीमध्येका केहीले अष्ट्रेलियाको कमाइलाई नेपालमै लगानी गर्न थालेका छन् । विदेशमा उद्यमी बनेर पुँजी र रोजगारी विस्तार गरिरहेका युवामध्ये एक हुन्- कल्याण कँडेल ।

विद्यार्थीका रूपमा सिड्नी आएका ३९ वर्षे युवाका लागि व्यवसायी बन्ने कुरा कल्पना बाहिर थियो । उनलाई यहाँको पिआर पनि लिन मन थिएन, पढाई सकेर आफ्नै मुलुकमा केही गर्ने भन्ने सोचेका थिए ।

नेपालमै बिबिए गरेका उनको अष्ट्रेलिया आएको ५ वर्षपछि बाटो मोडियो । श्रीमान श्रीमती मिलेर अष्ट्रेलियामा निकै दुःख गरे । तर जब बच्चाबच्ची भए तब उनीहरूलाई यहाँको सेवा सुविधा र उनीहरूको भविश्य सम्झेर यतैको पिआर लिने निर्णय गरे । पिआर पाइसकेपछि यतै सानो तिनो व्यवसाय गरेर अतिरिक्त पैसा कमाउने उपाय निकाले ।



आफ्नो काम निरन्तर गरिरहेका उनले बचेको समयमा रियलस्टेटबारे तालिम लिए ।

घरजग्गा कारोबारकै विषयमा औपचारिक शिक्षापछि आफ्नै व्यवसाय शुरू गरेका उनले अष्ट्रेलियामै पहिलो नेपाली रियल स्टेट कम्पनी खोले । यो सँगै अष्ट्रेलियन, चिनियाँ वा भारतीय मूलका नागरिकले एकछत्र राज गरेको रियल स्टेट कम्पनीमा नेपालीको पनि प्रवेश भयो । उनको आत्मीय व्यवहार, कामप्रतिको लगाव र मेहनतले व्यवसाय फस्टाउँदै गयो । उनको सिको गरेर अहिले २ दर्जन बढी नेपालीले अष्ट्रेलियामा रियल स्टेट खोलिसकेका छन् । उनी गर्वका साथ भन्छन्- 'मैले सुरू गरेको व्यवसाय आज बिस्तारै नेपाली समुदायमा भिजेको छ । नेपाली व्यवसायीप्रतिको विश्वासलाई हामीले डगमगाउन दिएनौं फलस्वरूप आज दर्जनौं साथीहरू यो बजारमा आउनुभएको छ ।'

विशेष गरी नेपाल, बंगलादेश, चीन, भारत लगायतका देशबाट स्थायी आवासको अनुमति पीआर पाएकाहरूले आफ्नै समुदायका व्यक्तिहरू बसिरहेको क्षेत्रमा घरजग्गा किन्न खोज्छन् । आफ्नो समुदायका व्यक्तिहरू बसेको ठाउँमा विशेष आकर्षण हुन्छ त्यस्ता क्षेत्र पहिचान गरेर उचित सल्लाहसहित प्रोपर्टी खरिद बिक्री गर्नु नै हाम्रो प्रमुख उद्देश्य हो । विश्वमै अष्ट्रेलिया यस्तो देश हो जहाँ संसारका जनुसुकै देशका मानिसले घर, जग्गा, अपार्टमेन्ट वा युनिट किन्न सक्छन् ।

अष्ट्रेलिया सरकारले घरजग्गामा लगानी गर्ने जुनसुकै देशका नागरिकलाई स्वागत गर्छ । तर अष्ट्रेलियामा स्थायी बसोबासको अनुमति वा नागरिकता नभएका व्यक्तिले जग्गा किन्दा विदेशी लगानीका लागि सरकारको अनुमति भने लिनुपर्छ । अष्ट्रेलियाको अधिकांस राज्यमा आप्रवासीहरूको बसाई सर्ने क्रम निरन्तर छ । प्रकृया पुगेका आप्रवासीलाई श्वागत गर्न अष्ट्रेलिया सरकारले शहरसँगै निरन्तर नयाँ वस्ती विकास गरिरहन्छ । सन् २०१६ देखि सुरू भएको यो व्यवसायले कल्याणलाई पछाडि फर्केर हेर्नु परेको छैन । यसो हुनुको एक मात्र कारण विश्वास हो । उनले कुनै पनि सम्पत्ती ग्राहकलाई बेच्नुअघि या भाडामा दिनुअघि त्यसबारे सबै जानकारी दिने दाबी गरे । 'हामी राम्रो भए राम्रो भन्छौं । नराम्रो भए त्यहीं भन्छौ । ठगेर व्यवसाय गर्दैनौं । बरू दुई पैसा नाफा कम होस् तर ग्राहकलाई खिन्न बनाउँदैनौं ।'

व्यवसाय बढेसँगै नेपाली समुदायको बाक्लो बसोबास रहेको सेन्टर कोस्टमासमेत शाखा खोलेर सेवा दिन सुरू गरेको विसले आगामी दिनमा पनि अझै विस्तार गर्ने लक्ष्य राखेको छ । व्यवसाय विस्तारका लागि अन्य समुदायमा समेत घुलमिल भइसकेका कल्याणले भारतीय, श्रीलंकन्, फिलिपिनो. चिनीयाँ, अष्ट्रेलियाका व्यक्तिलाई रोजगारी दिइरहेका छन् ।

यो क्षेत्रमा आउन चाहनेले विस्तृतमा बुझेर आउन उनले सुझावसमेत दिए । किनकि यो सेवामुलक व्यवसाय भएकाले पैसा कमाउनु मात्र ठूलो कुरा होइन, सही समयमा सही सेवा दिनु व्यवसायीको धर्मसमेत हो । उनी घर बेच्ने र भाडामा लगाउने मात्र गर्दैनन् । त्यसपछिका सबै कानुनी प्रावधान र सरकारका नयाँ नयाँ नीति र नियमका बारेमा जानकारीसमेत सधैं दिने गरेका छन् ।

अष्ट्रेलिया सरकारले विदेशी नागरिकलाई स्थायी आवास अनुमति पीआर दिएसँगै उनीहरूको वसोवासका लागि शहर नजिकको जमिन एकीकरण गरेर नयाँ बस्ति बसाईरहेको छ । सिड्नी, मेलबर्न, ब्रिसबेनलगायत अष्ट्रेलियका मुख्य शहर नजिकै आउँदो २५ वर्षसम्म कुन क्षेत्रमा कति खालि जमिनमा वस्ती बसाउने भन्नेकुरा सरकारले निर्क्यौल गरिसकेको छ ।

अष्ट्र्यामा बसोबास गर्ने नेपाली भारतीय र चिनियाँ मात्रै होइन पछिल्लो समय स्थानीय अजीहरूमाझ पनि नीकै जनप्रीय हुँदै गएको रियलस्टेट कम्पनी हो विस । पछिल्लो समय अष्ट्रेलियामा स्थापित एम्पल रियलस्टेटलाई ग्रहण गरेपछि कम्पनीले दायरा अझ फराकिलो बनाएको छ । उनलाई पूर्णनाथ घिमिरेले पूरा साथ दिएका छन् ।

अष्ट्रेलियामा बस्दै आए पनि नेपाली समुदाय र नेपाललाई दुखेको घाउमा उनी मल्हम लगाउन सधैं तयार हुन्छन् । यसका लागि उनलाई श्रीमतीले गतिलो साथ दिएकी छन् ।

देशलाई समस्या परेको बेला उनले प्रसस्तै सहयोग गरेका छन् । क्लिक टु सपोर्टका सञ्चालकसमेत रहेका उनले कोभिडको बेला नेपालमा लाखौं मूल्य बराबरको सहयोग गरेका छन् । भूकम्पका बेला नेपालका दूर दराजमा गएर सहयोग गरेकै छन् । अफ्ठ्यारोमा गाउँमा जहिल्लै सहयोग गर्न अगाडिञ हुने उनले लाखौं रूपैयाँ उठाएर गरिब नेपालीको चुल्हो बालिदिएका छन् । क्लिक क्लिक टु सर्पोट संस्थाले अस्ट्रेलियामा समस्यामा परेका नेपालीहरू तथा आवश्यकता अनुसार नेपालमा समेत सहयोग गर्दै आइरहेको संस्थाका अध्यक्षसमेत रहेका कँडेलले जानकारी दिए ।

# नेपाल पूजा प्रतिष्ठान तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य






**परिचय :**

नेपाल अधिराज्यको संस्कृति, परम्परा, वैदिक सनातन धर्मको अनुष्ठान एवं संरक्षण, आपसी सद्भाव एवं सम्वर्धन गर्दै मानव जातिलाई सकारात्मक सोचमा ढाल्न उत्प्रेरणा गर्ने उद्देश्यका साथ २०५२ साल फाल्गुणमा नेपाल पूजा प्रतिष्ठानको स्थापना भएको हो। काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारीको कार्यालयमा दर्ता भएको यस प्रतिष्ठानले आवश्यकता अनुसार अधिराज्यको कुनै पनि स्थानमा स्थानीय सरकारको स्वीकृति लिएर शाखा खोल्न सकिने कानुनी प्रावधान



रहेको छ। यस प्रतिष्ठानको केन्द्रीय कार्यालय का.म.पा. १० बानेश्वरको पूजा प्रतिष्ठान मार्गमा अबस्थित छ।

**पृष्ठभूमि :**

दर्ता भएर आफ्नो स्थायी आयस्रोत र स्थिर सम्पत्ति नभएको कारण केही वर्ष रुमलिएर बनेको यस प्रतिष्ठान तत्कालिन अध्यक्ष स्व. विष्णुप्रसाद पौड्याल "बाबा" को अध्यक्षतामा रहेको कार्यसमितिको कार्यकालमा शुभेच्छुक एवं स्थानीयहरूको आपसी सहयोगबाट साविक ढुङ्गेधारा यथावत कायम रहने गरी आफ्नै भवन बनाई त्यसमा सरेर अविच्छिन्न उत्तराधिकारीवाला प्रतिष्ठान भएर काम गर्दै आएको छ।

**उद्देश्यहरू :**

सनातनदेखि चलिआएको धर्म परम्परा, संस्कार, रीति रिवाजहरूलाई अक्षुण्ण राख्ने, नयाँ पुस्तालाई नेपाल र नेपालीको वास्तविक पहिचानका बारेका ज्ञान दिलाई सवल नेपाली बनाउन पहल गर्ने। नेपाली भाषा संस्कृतिको अवलम्बन गर्न-गराउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने। मानवीय सोचको उच्चतालाई अंगीकार गरेर रोगी, असहाय, अवला तथा अशक्तलाई सघाउने क्रियाकलापमा आस्था जगाउने कार्यक्रमहरू आयोजना गर्ने। विश्व भातृत्वको अवधारणामा विश्वास राखी सो अनुरुपका कार्यक्रमहरू सञ्चालन गर्ने।

**हालसम्म भएका कार्यहरू :**

आफ्ना उद्देश्यहरू परिपूर्तिका लागि प्रतिष्ठानले विभिन्न कार्यक्रमहरू नियमित रुपमा सञ्चालन गर्दै आएको छ। यस्ता नियमित कार्यक्रमहरूमा प्रत्येक शनिबार बिहान गरिने निःशुल्क स्वास्थ्य परीक्षण सेवा। त्यसै दिन दिउँसो गरिने आध्यात्मिक प्रवचन-सत्सङ्ग। लक्ष्मीपूजा, सरस्वती पूजा, श्रीकृष्णजन्माष्टमीको अवसरमा कृष्णझूला-कृष्णको रथयात्रा-सामूहिक श्रीमद्भागवत पाठ-भजनकीर्तन, जनै पूर्णिमामा जनै मण्त्रने र डोरोसहित धारण गर्ने। दशैंमा देवी दुर्गाको ९ दिनसम्म पूजा आराधना गरी प्रसादको जमरा वितरणको व्यवस्थापन, वार्षिक रक्तदान कार्यक्रमको आयोजना, राम नवमीमा सामूहिक रूपमा अध्यात्म रामायण पाठ गरी पूजा अर्चना गर्ने। महाशिवरात्रिमा विशेष पूजा आराधना गरी रूद्रीपाठ-पूजा गर्ने। आफ्नो उद्देश्यसँग मेल खाने प्रकृतिका अन्य संघसंस्थाहरूले आयोजना गरेका कार्यक्रमहरूमा भौतिक, आर्थिक एवं स्वयंसेवा गरी आवश्यक योगदान गर्ने। आवश्यकता अनुसार कामको प्रकृति हेरी बिभिन्न उप-समिति गठन गरेर काम सम्पन्न गर्ने गरिएको छ।

यस्ता कामहरूमा स्वास्थ्य उपचार सेवासम्बन्धी, भवन रेखदेख एवं संरक्षणसम्बन्धी, क्रियापुत्री सेवासम्बन्धी, निःशुल्क स्वास्थ्य परीक्षण सेवासम्बन्धी, निःशुल्क स्वास्थ्य शिविरसम्बन्धी, साप्ताहिक प्रवचनसम्बन्धी, सप्ताह एवं नवाहसम्बन्धी, किरियापुत्री सेवासम्बन्धी, रक्तदान कार्यक्रमसम्बन्धी, पुस्तक प्रकाशनसम्बन्धी, पुस्तकालय सेवासम्बन्धी, प्रतिष्ठानको मुखपत्र सत्यदर्पण प्रकाशनसम्बन्धी र विशेष परिस्थितिजन्य कार्य निरूपण गर्नको लागि सोसम्बन्धी।

समय परिस्थितिको मागअनुसार प्रतिष्ठानले विशेष कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ। बालबालिकाहरूलाई पुस्तक-कापी-कलम जस्ता शैक्षिक सामग्री र ती सामान राख्ने झोला एवं जुत्ता-मोजा-पञ्जा-टोपी आदि प्रदान गर्ने। आश्रम तथा विद्यालयहरूलाई वार्षिक रुपमा यथोचित सहयोग गर्ने। आवश्यकता अनुसार विभिन्न स्थान र मितिमा स्वास्थ्य शिविर आयोजना गर्ने। धर्म संस्कारअनुसार काज किरिया गर्नको लागि यथोचित स्थान, आवश्यक सरसामान र सेवा उपलब्ध गराउने।

**संस्थाको आर्थिक स्थिति :**

आफ्नो गतिविधिहरू सञ्चालन गर्न प्रतिष्ठानले मासिक सहयोग सदस्यता शुल्क बिशेष मुट्ठीदान र अनुदान रकम नै यसको प्रमुख आर्थिक स्रोत रहेको छ। सदस्यता लिन प्रवेश शुल्क रू. २५।– तथा साधारण सदस्यता शुल्क रू. ३००।– र आजीवन सदस्यता शुल्क रू. ५,०००।– लाग्दछ। समान उद्देश्य भएका संघसंस्थाहरूलाई संस्थागत सदस्य बनाउने र आफू पनि त्यस्तै संघसंस्थाको सदस्य बन्ने क्रममा हुँदा विश्वहिन्दू महासंघ र समाज कल्याण परिषदसँग आबद्ध रहेको छ। स्थानीय सरकारले बेला-बेलामा चासो देखाएर गरेको प्रत्यक्ष्य सहयोग प्रतिष्ठानको स्थायी सम्पत्ति बनेको छ।

**व्यवस्थापकीय स्वरूप :**

प्रत्येक दुई-दुई वर्षमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहसचिव, सहकोषाध्यक्ष र पाँच जना सदस्य सहित ११ सदस्यीय कार्यसमिति प्रतिष्ठानको सदस्यहरू मध्येबाट निर्वाचन प्रकृयाबाट चयन हुने कानूनी प्रावधान रहेको छ। यस कार्य समितिमा ३ जना महिला पदाधिकारी हुनुपर्ने कानूनी प्रावधानले समावेशीताको झलक प्रष्ट देखिन्छ। २०७८ साल भाद्र १९ गते शनिवार वसेको साधारण सभाबाट चयन भएको कार्य समिति हाल कार्यरत छ। संस्थाको उत्थानको लागि विशिष्ट योगदान गर्ने व्यक्तिलाई मानार्थ सदस्य बनाईने। संस्थालाई अनवरत रुपमा डोऱ्याईरहन कार्य समितिलाई उचित मार्ग निर्देशन दिने व्यक्तिहरूलाई संरक्षकको उपाधि दिने व्यवस्था गरिएको छ। कार्य-समितिले आवस्यकता महसुस गरेमा प्रतिष्ठानलाई उचित सर-सल्लाह दिन सल्लाहकार नियुक्त गर्न सक्नेछ। उहाँहरूले उपयुक्त सर-सल्लाह प्रदान गरी प्रतिष्ठानलाई उद्देश्य अनुरुपको कार्यमा निरन्तर संलग्न रहन उत्प्रेरित गर्नुहुनेछ।

**समाजसँग अनुरोध :**

समाजको बृहत्तर हितलाई मध्यनजर गर्दै आफ्ना सामाजिक, धार्मिक एवं आध्यात्मिक अभियानहरूमा सम्बद्ध सबै पक्षबाट यथोचित सहयोग, सद्भाव एवं सक्रिय सहभागिताको प्रतिष्ठान सदैव अपेक्षा गर्दछ र त्यसको लागि अनुगृहित रहनेछ। अस्तु।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँगको आबद्धता**

२०६८ साल देखि प्रत्येक वर्ष प्रतिष्ठानले पूर्व अध्यक्ष स्व. विष्णुप्रसाद पौड्याल "बाबा" को सम्झनामा रक्तदान कार्यक्रम गर्ने गरेको छ। यस पुनित कार्यमा नेपाल रेडक्रस सोसाईटी-बानेश्वर उपशाखा, अैंचोपैंचो बचत तथा ऋण सहकारी संस्था, रत्न पुस्तकालय, महाकवि देवकोटा रक्तकोष, लायन्स क्लव, जनसेवी बचत तथा ऋण सहकारी संस्था आदीले सहकार्य गरी साथ दिने गरेका छन। त्यो रक्तदान कार्यक्रमको उपादेयतालाई अच्छयूण्ण कायम राख्न अक्षयकोष राखिएको छ।

सुरेन्द्रढकाल प्रतिष्ठानले २०७९ साल आश्विन महीनाको १७ गते सोमवारका दिन प्रतिष्ठानमा भै रहेको रक्तदान अक्षयकोषमा रकम थप गर्न हातेमालो गर्दै एकलाख रूपैयाँको राशी सहयोग गरेको छ। सुरेन्द्र ढकाल प्रतिष्ठानसंग आवध्द भएको कारण यस्ले दिने सहयोग वार्षिक रुपमा नियमित हुने अपेक्षा गरिएको छ, जस्को लागि यस प्रतिष्ठान सुरेन्द्र ढकाल प्रतिष्ठान प्रति ज्यादै कृतज्ञ रहनेछ।


## शाखा सडकको कारण मूल सडकमा सिर्जना हुन सक्ने जोखिम न्यूनीकरणका केही उपायहरू

**सामरिक महत्वका सडक (मूल सडक) सँग जोडेर निर्माण हुने प्रादेशिक/स्थानीय सडक (शाखा सडक) को कारण दुर्घटनाको जोखिम बढेको र ती शाखा सडकहरूको अव्यवस्थाको कारण मूल सडकको मर्मत सम्भारको लागत समेत बढेकाले शाखा सडकको कारण मूल सडकमा सिर्जना हुन सक्ने जोखिम न्यूनीकरणको लागि Roadside slope management अन्तर्गत निम्न अनुसारको उपायहरू अवलम्बन गर्न जरूरी हुने।**

१. मूल सडक र शाखा सडकको Junction मा RCC Covered Drain निर्माण गर्न उपयुक्त हुने।
२. शाखा सडकबाट Collect हुने Drain Water को आवश्यक व्यवस्थापन गर्नुपर्ने।
३. मूल सडक र शाखा सडकको Junction मा टेवा पर्खाल आवश्यक भए सोको निर्माण गर्न उपयुक्त हुने।
४. Paved मूल सडकको हकमा जोडिएका शाखा सडकको न्यूनतम ५० मि.सम्म Paving गर्न उपयुक्त हुने।
५. शाखा सडकको Disposed Soil, मूल सडकमा Debries को रुपमा आउन सक्ने जोखिम भएको भए UP—Hill मा Gabion Catch निर्माण गर्न उपयुक्त हुने।
६. जोखिम न्यूनीकरणको कार्य गर्दा Planning stage मा स्थानीय/स्थानीय निकायसँग समन्वय गर्नुपर्ने।
७. Junction मा अनिवार्य Junction को Traffic Sign Post राख्न हुनुपर्ने।
८. सार्वजनिक सडक ऐन २०३१ को दफा १९.१ को प्रावधानअनुसार नयाँ शाखा सडक निर्माणका लागि स्वीकृत लिनुपर्ने प्रावधानको पालना गर्नुपर्ने।
९. नयाँ शाखा सडक निर्माणको सकभर प्रथम १०० मि.सम्म ४–५ प्रतिशत ग्रेड कायम गराउन उपयुक्त हुने।

**सम्भार महाशाखा, सडक विभाग**

नीतिकथा

# युधिष्ठिरको परीक्षा

कमल रिजाल



प्रसङ्ग महाभारतको हो । जतिबेला द्रौपदीसहित पाण्डवहरू स्वर्गारोहणको बाटामा थिए त्यतिबेला लेक लागेर सर्वप्रथम द्रौपदी ढलेकी थिइन् । उनी ढलेको देखेर सहदेवले त्यसको जानकारी दाजु युधिष्ठिरलाई गराए तर युधिष्ठिरले भने यतिबेला अरूको होइन आफ्नो ध्यान दिने समय हो भन्दै अघि बढ्ने शङ्केत गरे ।

अलि पर पुगेपछि सहदेव आफैं ढले । युधिष्ठिरलाई यसको जानकारी नकुलले गराए तर उनले भने अहिले पनि आफ्नो ध्यान दिनु भन्दै अघि बढ्ने आदेश दिए । एवंरीतले नकुल र अर्जुन पनि क्रमशः ढल्दै गए । उनी चाहिँ बचेकालाई अघि बढ्ने इसारा गर्दै अघि बढे, बढी नै रहे । अन्त्यमा भीमसेन पनि ढले । यतिबेला पनि उनले त्यसको वास्ता नगरी यात्रा जारी राखे । निकै उचाइमा पुगेपछि कुनै एक देवदूत आएर विमानमा चढ्न आग्रह गरे । त्यति बेलासम्म एउटा कुकुर साथमै थियो, जसले सुरुदेखि नै पछ्याउँदै आएको थियो । देवदूतको आग्रह सुनेपछि उनले विनम्रतापूर्वक भने-

'ठिकै छ मेरो कष्ट देखेर विमान लिएर आउनुभएको रहेछ खुसी लाग्यो तर यो कुकुर सुरुदेखि नै पछि लाग्दै आएको छ । यसलाई एक्लै छाडेर जान सक्दिन । त्यसैले यसलाई पनि साथमा लिएर जाने अनुमति चाहन्छु ।'

'कुकुरलाई पनि साथमै लाने रे ?' देवदूतले आश्चर्य मानेजस्तो गर्दै भने-

'यो कसरी सम्भव हुन्छ ? विमान तपाईंलाई मात्र लिन आएको हो । मलाई यही आदेश छ । त्यसैले तपाईंबाहेक अरू कसैलाई पनि लान सक्दिन ।'

'ठिकै छ त्यसो हो भने पनि केही छैन ।' युधिष्ठिरले आफ्नो आशय प्रस्ट पार्दै भने-

'आफ्नो मात्र हितबारे सोच्ने काम सितिमिति पशुपक्षीले त गर्दैन भने म त मानिस । मानव चोलामा जन्म लिएर पनि कसरी त्यस्तो सोच्न सक्छु । सात पाइला मात्र साथ दिने त साथी हुन्छ भन्छन् । यस बिचारले त सुरुदेखि नै साथ दिँदै आएको छ । त्यसैले यसलाई एक्लै छाडेर जान सक्दिन ।'

'होइन राजन ! तपाईंले कुरा बुझ्नु भएन जस्तो लाग्यो ।' देवदूतले थप तर्क गर्दै भने-

'अहिलेको अवस्था नै त्यस्तै छ । साथ दिनेकै कुरा गर्नुहुन्छ भने पनि साथ दिने काम श्रीमती र भाइहरूले पनि गरेका थिए तर त्यतिबेला त केही भन्नुभएन । अहिले आएर कसरी यस्तो कुरा गर्नुहुन्छ ?'

देवदूतको कुरा सुनेर युधिष्ठिरले लामो सास फेर्दै भने-

'ठिक भन्नुभयो, उनीहरूले पनि साथमा दिएका थिए । साथ दिएकाले साथी नै थिए तर उनीहरू आफैंले छाडेर गएका हुन्, मैले छाडेको होइन । छाडेकै कुरा गर्ने हो भने पनि उनीहरूलाई मरेपछि मात्र छाडेको हुँ । किनकि मरेकालाई बचाउने शक्ति ममा थिएन तर यस कुकुरले अहिलेसम्म पनि साथ छाडेको छैन । जसले आफ्नो आश्रयमा रहेकाको देखभाल गर्न सक्दैन वा गर्दैन र आफ्नो हितको मात्र पछि लाग्छ भने त्यस्ताको जीवन धिक्कार छ । यस्तो काम न पहिले कहिल्यै गरेको थिएँ न अहिले नै गर्न सक्छु ।

डराएको मानिसलाई, आफ्नो भक्तलाई, मेरो कोही पनि छैन भनेर शरणमा आएकालाई, बलहीनलाई र प्राणको रक्षा गरिपाऊँ भन्नेलाई बेवास्ता गर्ने चेष्टा कहिल्यै गर्न सक्दिन । बरु प्राणै जाओस् मलाई त्यही प्रिय छ । मैले शरणमा आएकालाई डर देखाउनु, स्त्रीजातिको वध गर्नु, अर्काको धन हरण गर्नु र मित्रको द्रोह गर्नु यी चार कुरालाई जघन्य अपराधको कोटीमा राखेको छु र एउटा भक्तलाई त्याग्नु भनेको यी चार पाप बराबरको पाप हो भन्ने मेरा मान्यता छ । यस अर्थमा पनि यस कुकुरलाई छाडेर जाने कुरा आउँदैन ।'

यत्तिकैमा एउटा चमत्कार भयो । जब युधिष्ठिरले यस किसिमको अठोट व्यक्त गरे तब कुकुर एकाएक आफ्नो स्वरूप छाडी धर्मको रूपमा प्रकट भए र उनको प्रशंसा गर्दै भन्न लागे-

'वत्स ! तिम्रो परीक्षा गर्न यस स्वरूपमा प्रस्तुत भएको थिएँ, पास भयौ खुसी लाग्यो । तिमीले जसरी कुकुरका निम्ति स्वर्गीय सुखसमेत त्याग्ने तत्परता देखायौ यस्तो काम स्वर्गवासीहरूले समेत गर्न सक्दैनन् । यतिबेला स्वर्गवासी कसैलाई पनि तिमी समान उपकारी देखिरहेको छैन । त्यसैले तिमीले उत्तम गति पाइसकेका छौ । विना हिचकिचाहट सशरीर स्वर्गमा गएर सुखभोग गर्न सक्छौ ।'

यति भनेर धर्म त्यतै अलप भए । देवदूतले उनलाई विमान राखेर स्वर्गतर्फ लगे ।

यस व्यास कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर आश्रितको संरक्षण गर्नु समान ठुलो धर्म अर्को छैन भन्ने कुरा भने सत्य हो । त्यसैको जीवन सार्थक हुन्छ, जसले अरूको हितमा ध्यान दिने गरेको छ । आफ्नो मात्र हितको कुरा गर्नेहरू कहिले उदाउँछन् र कहिले अस्ताउँछन् कसैले पनि वास्ता गर्दैन । अरूको हितको कुरा गर्नेहरूलाई भने मरेर गएपछि पनि सम्झिने धेरै हुन्छन् ।

स्वास्थ्य

# पिँडुलाको मासु फर्किने कारण र समाधान

**प्रा. डा. दीर्घराज आरसी**

अचानक खुट्टा बाउँडिने अर्थात् पिडुँलाको मासु फर्किएको अनुभव धेरैले गरेका हुन्छन् । पिडुँलाको मासु फर्किएमा अत्यधिक पीडा हुन्छ । यसको कारण थाहा पाएमा छिट्टै उपचार पनि हुन्छ । तर धेरैलाई पिडुँलाको मासु किन फर्किन्छ भन्ने कारण थाहा नहुँदा थप जटिल बन्दै जान्छ ।

मांसपेशीमा रक्तचापको मात्रा बढ्दा, तापक्रममा असामान्य परिवर्तन वा विभिन्न रसायनको प्रतिक्रिया भएमा खुट्टा बाउँडिएर अनियन्त्रित खालको कडा दुखाइ हुन सक्छ । यसलाई बोलीचालीको भाषामा खुट्टाको पिडुँलाको मासु फर्किनु पनि भन्ने गरिन्छ । बाउँडिंदा पिडुँलाको मासु खुम्चिन्छ र त्यहाँ मासुको डल्लो जम्मा हुन्छ ।

केही सेकेन्ड वा केही मिनेटसम्म एकैठाउँ डल्लो परेको मासु ठीक ठाउँमा आउन केही समय लाग्छ । तर पटक-पटक यो समस्या भएमा चिकित्सकको परामर्श लिनैपर्ने हुन्छ । यो जुनसुकै उमेर समूहमा देखिन सक्छ ।

### कारण

खुट्टाको मासु किन फर्किन्छ ? भन्नेको ठोस कारण अहिलेसम्म विज्ञहरूले पत्ता लगाउन सकेका छैनन् । तर खराब जीवनशैली र अस्वस्थकर खानपानलाई यसको कारक मानिएको छ ।

### पानीको मात्रा कम हुदा

शरीरमा पानीको कमीले गर्दा पनि मानिसहरूलाई मांसपेशी बाउँडिने गर्छ । शरीरमा पानी कम हुँदा शरीरमा पौष्टिक तत्वको कमी हुन्छ । शरीरमा तरल पदार्थ तथा मिनरल्सको कमीले गर्दा इलेक्ट्रोलाइटको मात्रा बिग्रिन्छ । यसले शरीरको मासुलाई पनि राम्रोसँग काम गर्न सहयोग पुऱ्याउँछ, साथै मासुलाई खुम्चिन र खुल्न सहयोग गर्छ । यदि शरीरमा पानीको मात्रा कम भएमा मासुको काम गर्ने क्षमतामा कमी हुन गई खुट्टा बाउँडिने गर्छ ।

### पोटासियमको अभाव

पोटासियमले मुख्यतया मांसपेशीको कोषिका र स्नायु प्रणालीलाई नियन्त्रण गर्छ । पोटासियमले मांसपेशीको संकुचन, बिस्तार र स्नायुबाट मस्तिष्कमा संकेत पठाउने प्रक्रियामा पनि महत्त्वपूर्ण भूमिका खेल्छ । यस्तो अवस्थामा जब शरीरमा पोटासियमको कमी हुन्छ, खुट्टाको मांसपेशी बाउँडिन सक्छ । केही अध्ययनले भिटामिन डीको कमीले पनि खुट्टा बाउँडिन सक्ने देखाएका छन् ।

### हाइपो थाइराइड

थाइराइड हार्मोन कम हुँदा मेटाबोलिजम पनि कम हुन्छ । दैनिक काम गर्दा उच्च मेटाबोलिजमको आवश्यकता पूर्ति हुन नसकेर खुट्टाको मासु फर्किने गर्छ ।

### लामो समयसम्म उभिंदा

एकै ठाउँमा एकै किसिमको आसनमा लामो समयसम्म उभिँदा वा असहज तरिकाले लामो समयसम्म बस्दा यस्तो समस्या देखिन सक्छ । त्यस्तै अग्ला हिल लगाउनाले पनि खुट्टामा दबाब पर्ने गर्छ ।

### गर्भवती

गर्भवती महिलालाई पनि खुट्टा पल्टिने सम्भावना बढी हुन्छ । यस्तो समस्या गर्भवती भएको दोस्रो चौमासिकमा सुरू भई तेस्रो चौमासिकमा अन्त्य हुने गर्छ । गर्भवती अवस्थामा पाठेघरले नसा तथा रक्तनलीमा चाप दिन खुट्टा पल्टिने हुन्छ । यदि गर्भवती अवस्थामा पटक-पटक मासु बाउँडिन्छ भने चाहिं तुरून्त चिकित्सकको सल्लाह लिनुपर्छ ।

### अनियन्त्रित मधुमेह

डाइबिटिज न्युरोप्याथीको समस्या भएकालाई पनि यो समस्या हुन सक्छ । रगतमा चिनीको मात्रा बढी हुँदा धेरै पिसाब लाग्ने हुँदा पानीको मात्रा कम हुन गई खुट्टा पल्टिने हुन सक्छ । र, खुट्टा पल्टेको महसुस गरेमा तुरून्त चिकित्सकको सल्लाह लिनुपर्छ ।



अत्यधिक मदिरा पिउनेहरूमा अल्कोहोलिक न्युरोप्याथीको समस्या हुन सक्छ, जसको प्रमुख लक्षणको रुपमा खुट्टा दुख्ने र पल्टिने देखिन्छ । त्यस्तै अत्यधिक मदिरा पिउनाले बढी पिसाब लाग्ने कारण व्यक्तिमा पानीको अभाव हुन गई खुट्टा पल्टिने समस्या हुन सक्छ ।

### औषधि

पिसाब लगाउने औषधि, कोलेस्टेरोलको मात्रा कम गर्ने औषधि, एन्टिसाइकोटिक औषधि र स्टेरोयडलगायत औषधिले पनि मासु बाउँडिने र पल्टिने समस्या देखिने सम्भावना प्रबल रहन्छ । यदि यस्तो समस्या पटक-पटक देखिए चिकित्सकको परामर्श लिनुपर्छ ।

### पहिचान तथा उपचार

कहिलेकाहीं मात्र यो समस्या देखिए मालिस गर्दा पनि ठीक हुन्छ । तर बारम्बार मासु फर्किएमा स्वास्थ्य परीक्षण गर्नुपर्छ । स्वास्थ्य परीक्षणका लागि थाइराइड, भिटामिन डी, क्याल्सियमको मात्रा थाहा पाउन रगत परीक्षण गराइन्छ । यो समस्याको कारण एक मात्र नभई धेरै हुने हुँदा यसको उपचार लक्षण पत्ता लगाएर सोही अनुसारको उपचार हो । जस्तै, पानीको अभावले हो भने पर्याप्त मात्रामा पानी पिउने, भिटामिनको कमी भए चिकित्सकले परीक्षणपछि सप्लिमेन्टको रुपमा भिटामिन दिन सक्छन् । यससँगै पौष्टिक आहारमा जोड दिन आवश्यक हुन्छ । कसैलाई यससम्बन्धी औषधि पनि चलाउनुपर्ने हुनसक्छ, जुन बिरामीको अवस्था हेरेर निर्क्योल गरिन्छ । अचानक मासु फर्किएको अवस्थामा जतापट्टि फर्किएको छ, त्यसको उल्टो पट्टि मालिस गर्नुपर्छ । त्यससँगै मांसपेशी तन्काउनुपर्छ । र, हल्कासँग मसाज गर्न सकिन्छ ।

### रोकथामका उपाय

-पर्याप्त मात्रामा पानी पिउने तथा झोलिलो खानेकुरालाई प्राथमिकता दिने ।

-दैनिक मांसपेशी तन्किने खालका शारीरिक व्यायाम गर्ने ।

-लगातार लामो समयसम्म नउभिने र अप्ठ्यारो गरेर एकै आसनमा नबस्ने ।

-मासु फर्किएर दुखेको ठाउँमा तेल लगाएर मसाज गर्ने ।

-पोटासियम, क्याल्सियम र म्याग्नेसियम धेरै भएका खानेकुरा, फलफूल, गेडागुडी प्रशस्त मात्रामा खाने ।

*(प्रा. डा. आरसी वरिष्ठ अर्थोपेडिसियन तथा जोर्नी प्रत्यारोपण सर्जनसँगको कुराकानीमा आधारित)*

# बौद्ध दर्शनका पुस्तकमा एक सङ्क्षिप्त दृष्टि

■ **इन्दुल के.सी.**

### विषय प्रवेश

दर्शन स्वयममा एक गहन विषय हो । कोही भन्छ - दर्शन शास्त्रले मानिसको मथिंगल खलबल्याउँछ । सरल शब्दमा भन्ने हो भने - कुनै विषयमा कसैले गहन चिन्तन मनन् गरी विस्तृत र व्यापक रूपमा निकालिएको विचार हो । यसलाई अंग्रेजी भाषामा Philosophy (She Study for Knowledge) भनिन्छ । सामान्य बोलिचालीमा दर्शनको अर्थ आफ्नो मान्यजन व्यक्ति आफ्नो आस्थाको प्रतिमूर्तिलाई देख्नु आदरभावले अभिवादन गर्नु पनि हो । संसारमा धेरै दार्शनिकहरु जन्मे, तिनीहरूले विभिन्न विषयका दर्शनहरु प्रतिपादन गर्नुभयो । यहाँ चर्चा गर्न लागेको कुरा बौद्ध दर्शन हो । यसलाई अति संक्षिप्त रूपमा भन्नुपर्दा - दुःखलाई हटाउने ठिक ज्ञानको दृष्टि नै बौद्ध दर्शन हो ।

### गौत्तम बुद्धको संक्षिप्त चिनारी

बौद्ध दर्शनको केन्द्रबिन्दुमा सिद्धार्थ गौत्तम बुद्ध हुनुहुन्छ । धेरै नेपालीलाई बुघको जीवन बारे ज्ञानकारी भएको मानिन्छ । नेपालको कपिलवस्तु, लुम्बिनीको शालवनमा ई.पू. ५६३ मा वहाँको जन्म भएको थियो । शाक्य राजा पिता शुद्धोदन र माता मायादेवीको वहाँ पूत्र हुनुहुन्छ । यशोधरा नामकी कन्यासँग उनको विवाह भयो र उनको छोराको नाम राहुल हो । सिद्धार्थको स्वभाव चाल चलन व्यवहार विशिष्ट प्रकारको थियो । सिद्धार्थले कहिँ बाटोमा एक वृद्ध बुढो लरखराउँदै हिँडिरहको, विरामी अशक्त रोगी मान्छे, एक मृत व्यक्तिको पार्थिव शरीरलाई जलाउन लगिरहेको मलामीहरूको एक दृष्य र एउटा भिक्षु (सन्यासी)लाई देख्नुभयो । यी ४ वटा दृष्यहरूले सिद्धार्थको मनमा हलचल पैदा गऱ्यो । मानिसहरूको भिन्न-भिन्न अवस्था, दुःख र सुखको परिदृष्यले उसको मनमा ठूलो प्रभाव पऱ्यो । मानिसमा आइरहने दुःख निवारण कसी हुन सकिन्छ ? भन्ने पत्ता लगाउने दृढ इच्छा पैदा भयो ।


बुद्धका जीवनको उपलब्धिलाईनै बौद्ध दर्शनको मूल आधार मानिन्छ । यही बुद्धको जीवनलाई अत्यन्त सङ्क्षिप्त रूपमा राहुल साङ्कृत्यायनले उल्लेख गरेका छन् - "सिद्धार्थ गौत्तमले २९ वर्षको उमेरमा (ई.पू. ५३४) घर छाडे । ६ वर्षसम्म योग आदि तपस्या गरेपछि ई.पू. ५२८ मा ज्ञान प्राप्त गरेर उनी बुद्ध भए । त्यसपछिका ४५ वर्षसम्म आफ्नो धर्म दर्शनको उपदेश गर्दै रहे र ८० वर्षको उमेरमा (ई.पू. ४८३) कुशीनगर भन्ने ठाउँमा देह त्याग गरे ।"

बुद्धले आफ्नो जीवनका ४५ वर्षसम्म धर्म दर्शनको जुन उपदेश गर्नुभयो, ती सबैको सङ्कलन नै मूल बौद्ध ग्रन्थ हुन् । बुद्धले आफ्नो उपदेश तत्कालीन जनभाषाका रूपमा रहेको पाली भाषामा अत्यन्त सरल किसिमका उदाहरण र दृष्टान्तहरूको अवलम्बन गरेर दिनुभएको पाइन्छ ।

### दर्शनका पुस्तकहरू

विभिन्न विद्वान् लेखकहरूले विश्वका विभिन्न भाषाहरूमा बौद्ध दर्शन सम्बन्धि लेखिएका अनेकौं किताबहरु प्रकाशित भई सकेका छन् । यस लेखमा केवल दुई वटा




किताबहरूमा रहेका बुद्ध र बौद्ध दर्शनका केहि पक्षहरूलाई मात्र सङ्क्षिप्त टिपोटको रूपमा प्रस्तुत गर्ने सानो प्रयास गरेको छु ।

१) राहुल सांकृत्यायनद्वारा लिखित - ललिजन रावलले नेपाली भाषामा अनुवाद गरिएको बौद्ध दर्शनको किताब हो । यसलाई इन्डिगो इन्क प्रा.लि.द्वारा २०७६ सालमा प्रकाशित २०३ पृष्ठको किताब हो ।

२) श्री गोपीरमण उपाध्यायद्वारा लिखित - बौद्ध दर्शन सरल अध्ययन पुस्तक हो । यसलाई नेपाल प्रज्ञा प्रतिष्ठानले २०७६ सालमा प्रकाशित ३०४ पृष्ठको पुस्तक हो ।

उक्त पुस्तकमा अनुवादक ललितजन रावलका पाँच अध्यायहरु रहेका छन् : १ गौत्तम बुद्धका मूल सिद्धान्त २ गौत्तम बुद्ध ३ नागसेन ४ बौद्ध सम्प्रदाय र ५ बौद्ध दर्शनको विकास ।

### सिद्धान्त

विद्वान्हरूद्वारा प्रतिवादित सत्य रूपमा ग्रहण गरिएको मूल विचार, तर्क र अनुभवद्वारा स्थापित मतलाई सिद्धान्त भनिन्छ । बुद्धको उपदेशहरूलाई सिद्धान्तको रूपमा पनि लिएका छन् । ती सिद्धान्तहरु

१) ईश्वरलाई नमान्नु, अन्यथा मनुष्य स्वयम् आफ्नो मालिक हो - यस सिद्धान्तको विरोध हुनेछ ।

२) आत्मालाई नित्य नमान्नु, अन्यथा नित्यलाई एकरस मान्दा त्यसको परिशुद्धि र मुक्तिका लागि गुन्जाइस रहने छैन ।

३) कुनै अन्यलाई स्वतः प्रमाण नमान्नु अन्यथा बुद्धि र अनुभवका प्रमाणिकता हराउँदै जानेछ ।

४) जीवन - प्रवाहलाई यसै शरीरसम्म परिमित मान्नु अन्यथा जीवन र त्यसका विचित्रताहरु कार्य कारण नियमसार उत्पन्न नभएर मात्र आकस्मिक घटनाहरु हुन जानेछन् ।

### नागसेन (१५० ई.पू.)

नागसेन एक बौद्ध धर्मका विद्वान् एवम् प्रखर वक्ता हुनुहुन्छ । सुरुमा उहाँले आफ्नो पिताको घरमा ब्राह्मणहरूको विद्या वेद, व्याकरण आदि अध्ययन गरेका थिए । पछि एक विद्वान् भिक्षु **रोहण**सँग सम्पर्कमा आएपछि बौद्ध विचारबाट प्रभावित भई बौद्ध वाङ्मयको अध्ययन गर्नुभयो । उनले बुद्धको दर्शनकै आत्मवाद, धर्ममा पुनर्जन्म, नाम-रूप (मन र भौतिक तत्त्व) निर्वाण आदिलाई बढी विशद गर्ने प्रयत्न गरे । कर्म या पुनर्जन्म आत्मालाई नमान्दा गरिएका असल खराब कर्महरूको जिम्मेवारी तथा त्यस अनुसार परलोकमा दुःख-सुख कसरी भोग्नु पर्ने हुन्छ भन्ने कुराको नागसेनले विस्तृत चर्चा गर्नुभयो । नाम र रूप बुद्धले विश्वका मूल तत्त्वलाई (विज्ञान नाम) र भौतिक तत्त्व (रूप) वा बाँडेको कुराको पनि व्याख्या गर्नुभयो । यसरी नै निर्वाणको सम्बन्धमा पनि विस्तृत व्याख्या गरी एउटा सामन्त (राजा) मिनान्दलाई प्रभावित गर्नुभयो । मिनानन्द र नागसेनको संवादले - भारतमा नयाँ विचार धाराहरूको आरम्भ भयो ।

### सम्प्रदाय

बौद्ध सम्प्रदायको ऐतिहासिक पृष्ठभूमि- बुद्ध निर्माण (४८३ ई.पू.) पछि र महासङ्घिकका छ ओटा र स्थविर वादका १२ ओटा गरी १८ ओटा निकायका पिटक (सुत्र, विनय, अभिधर्म रहेका छन् । बौद्ध धार्मिक सम्प्रदाय, बौद्ध दार्शनिक सम्प्रदाय, नागर्जुनको शून्यवाद,योगाचार र अरू बौद्ध दर्शनको बारे चर्चा पनि यस पुस्तकमा गरिएको छ । बौद्ध दर्शनका चार ओटा वादको रूपमा (१) शून्यवाद (२) विज्ञानवाद (३) बाह्य-अर्थवाद र (४) बाह्य-आभ्यन्तर अर्थवाद रहेका छन् ।

### बौद्ध दर्शनको विकास (६00 ई.पू.)

बौद्ध दर्शनको क्षेत्रमा असङ्ग र बसुबन्ध नामका दुई दाजुभाइको विशेष स्थान छ । असङ्ग र बुद्ध बचन धर्मका सादृश्य, बुद्ध-शासनको अर्थमा प्रज्ञाप्ति, बुद्ध-बचनका ज्ञेयहरूको अधिष्ठामान धर्महरूको सञ्चय, बोधिसत्व भूमि आदिबारे व्यापक रूपमा लेखिएको पाइन्छ । उसलाई क्षणिक विज्ञानवादीको रूपमा लिइन्छ । 'लङ्कावतार सूत्र' सधिनिमोचन सूत्र जस्ता महायान सूत्रहरूलाई बुद्ध-बचन भनिन्छ । यी विज्ञानवादको प्रकाश असङ्गभन्दा पहिले नै भएको देखिन्छ ।

बौद्ध दर्शन क्षण परिवर्तनशील मनभन्दा पर कुनै पनि नित्य जिवआत्मालाई मान्दैन । मर्नुको मतलब हो, एक शरीर प्रवाहबाट एक मन प्रवाह च्युत हुनु हो र उत्पत्तिको मतलब एक मन प्रवाह अर्को शरीर-प्रवाहमा उत्पन्न हुनु हो । महायान सूत्रका गाथाहरूद्वारा बौद्ध दर्शनको अनित्यवाद यो क्षणिकवादलाई असङ्गले मूल सिद्धान्त मानेको पाइन्छ । बुद्धको दर्शनमा "सबै अनित्य हो" यसलाई बौद्ध दार्शनिकहरूले क्षणिकबाद भनेर चर्चा गरियो । ज्ञानका साधनहरु (१) प्रत्यक्ष प्रमाण इन्द्रिय प्रत्यक्ष (२) मानव प्रत्यक्ष (३) स्वसंवेदन प्रत्यक्षहरु हुन् । यी तीन प्रकारका प्रत्यक्षहरु अतिरिक्त बौद्धहरूले एक चौथो प्रत्यक्ष योगि प्रत्यक्ष प्रमाण मानेका छन् । समाधि (चितको एकाग्रताबाट जति ज्ञान पैदा छन् ती सबै योगि-प्रत्यक्ष-प्रमाणमा पर्दैन । बसुबन्ध बौद्ध जगतका प्रमुख दार्शनिकहरु समुद्र गुप्तका पुत्र चन्द्रगुप्त र विक्रमादित्यका अध्यापक हुन् ।

# विश्वका सात शक्तिशाली राष्ट्र रूस र चीनलाई घेर्ने तयारीमा



**विष्णु भट्टराई**

जापानको हिरोशिमा सहर सन् १९४५ मा भएको आणविक हमलाका लागि परिचित छ, जसमा सम्पूर्ण सहर ध्वस्त भएको थियो । तर अब हिरोसिमा अन्य कारणले पनि चिनिनेछ ।

विश्वलाई शान्तिको सन्देश दिन जापानले यो सहर रोजेको हो । यहाँ जी-७ देशका प्रतिनिधिहरूको महत्वपूर्ण बैठक बस्दैछ, जसमा विश्वलाई असर गर्ने धेरै महत्वपूर्ण मुद्दाहरूमा छलफल हुनेछ ।हिरोसिमा जापानी प्रधानमन्त्री फुमियो किशिदाको गृहनगर पनि हो । किशिदाको कार्यालयले पहिले नै भनिसकेको छ कि जी-७ आणविक हतियार मुक्त संसारको बारेमा कुरा गर्छ, त्यसैले उनीहरूले यो अवसरमा आणविक निशस्त्रीकरणको मुद्दामा छलफल गर्ने छन् ।

वार्षिक बैठकमा सहभागी हुन लगभग सबै राष्ट्र प्रमुखहरू हिरोसिमा पुगिसकेका छन् । वैठकका लागि अहिलेसम्म अमेरिकी राष्ट्रपति जो बाइडेन, युरोपेली संघका अध्यक्ष उर्सुला भोन डर लेयन, युरोपेली परिषद् का अध्यक्ष चार्ल्स माइकल, बेलायती प्रधानमन्त्री ऋषि सुनक र इटालियन प्रधानमन्त्री जर्जिया मेलोनी हिरोसिमा पुगिसकेका छन् ।थप आठ देशलाई निम्ताको के अर्थ ?

यस वर्षको बैठकमा जी-७ देशबाहेक युरोपियन युनियन, भारत, अष्ट्रेलिया, ब्राजिल, इन्डोनेसिया, कुक आइल्याण्ड, दक्षिण कोरिया, भियतनामलाई पनि किशिदाले निम्तो दिएका छन् । यी देशहरू बाहेक, यसमा आईएमएफ, यूएन, डब्लुटिओ जस्ता धेरै विश्वव्यापी संस्थाहरू पनि सामेल हुनेछन् ।

धेरै हदसम्म, यो यस पटक जी-७ को एजेन्डामा कठिन विषयहरू छन् भन्ने सङ्केत हो । रुस-युक्रेन युद्ध बाहेक धेरै देशमा खाद्य संकट र बढ्दो मुद्रास्फीति यस वर्ष संगठनको एजेन्डामा रहेको छ ।

विश्व व्यवस्था पनि तिव्र गतिमा परिवर्तन हुँदै गएको र त्यसमा दुईवटा त्यस्ता देश परेको पनि स्पष्ट हुँदै गएको छ, जसको पश्चिमी मुलुकसँगको सम्बन्ध अहिले तनावपूर्ण छ । दुवै देश रुस र चीन यस जी-७ बैठकको अतिथि सूचीमा परेका छैनन् ।

समयसँगै जी-७ मा परेका देशको आर्थिक अवस्था पहिलेको जस्तो बलियो हुन सकेको छैन । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् १९९० मा यस संस्थामा संलग्न राष्ट्रहरूले विश्वको कुल गार्हस्थ्य उत्पादनमा ५० प्रतिशतभन्दा बढी योगदान दिएका थिए ।अहिले यो ३० प्रतिशतको हाराहारीमा रह्यो र यस्तो अवस्थामा अझ प्रभावशाली मित्र राष्ट्रको खाँचो छ । यही कारणले किशिदाले पश्चिमी देशहरूमा यसलाई विश्वव्यापी रूपमा विस्तार गर्ने प्रयास गरिरहेका छन् ।

उनले भारत, ब्राजिल, भियतनाम, इन्डोनेसिया (आसियान समूहका सदस्य), दक्षिण कोरिया, कोमोरोस (अफ्रिकन युनियनका प्रतिनिधि) र कुक आइल्याण्ड (प्यासिफिक टापु फोरमका प्रतिनिधि) लाई बैठकमा अतिथिका रूपमा सहभागी हुन आमन्त्रण गरेका छन् । किशिदाले पछिल्लो १८ महिनामा भारत, अफ्रिका र दक्षिणपूर्वी देशसहित १६ वटा विदेश भ्रमण गरिसकेका छन् । चीन र रुसको श्रोत र शक्ति बाहेक अरु विकल्पहरू पनि रहेको बताउन चाहन्छन् । आफ्नो अतिथि सूचीको साथ, उनी ती देशहरूलाई संगठनमा आकर्षित गर्न चाहन्छन्, जसलाई 'ग्लोबल साउथ' भनिन्छ । 'ग्लोबल साउथ' शब्द एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विकसित देशहरूका लागि प्रयोग गरिन्छ जसको रुस र चीनसँग जटिल राजनीतिक र आर्थिक सम्बन्ध छ ।

यो वर्ष विश्व अर्थतन्त्रसँगै रुस-युक्रेन युद्ध र दक्षिण चीन सागरमा चीनको बढ्दो महत्वाकांक्षा जस्ता विषयहरू छलफल हुने छन् । गत वर्ष जी-७ को वार्षिक बैठक जर्मनीको बाभेरियामा भएको थियो । युक्रेनमा रुसले आक्रमण गरेको केही महिनापछि यो बैठक भएको थियो र त्यहाँ युद्धका बारेमा धेरै चर्चा भएको थियो । सदस्य राष्ट्रहरूले रुसको आक्रमणलाई बर्बर, अवास्तविक, अनुचित र अवैधानिक भनेका छन् । सदस्य राष्ट्रहरूले युक्रेनलाई 'युद्धको अन्त्य नभएसम्म' आर्थिक, मानवीय, सैन्य र कूटनीतिक तहमा सहयोग गर्ने बताएका छन् ।



युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की गत वर्षको बैठकमा भिडियो लिङ्क मार्फत सहभागी भए र जी-७ देशहरूबाट हतियारको अनुरोध गरे । उनले भने कि 'जाडो सुरु हुनु अघि' युद्ध समाप्त हुने आशा छ ।' तर यस्तो हुन सकेको छैन ।गत वर्ष, जेलेन्स्कीले बीबीसीलाई एक अन्तर्वार्तामा भनेका थिए कि उनको सेनाले अब रुसले कब्जा गरेको युक्रेनी क्षेत्रहरू मुक्त गर्नु पर्दछ । यसका लागि उनीहरूको सेनालाई थप हतियार मात्रै होइन, समय पनि चाहिन्छ । यो स्पष्ट छ कि किशिदाले युक्रेनमा रुसको आक्रमणको मुद्दामा सबै देशहरूलाई रुस विरुद्ध 'एकजुट' भएको देखाउन चाहन्छन् । तर उनीहरूका लागि यो सबैभन्दा ठूलो चुनौती हो ।

जी-७ सदस्य देशहरू रूस विरुद्ध थप प्रतिबन्धहरू ल्याउन चाहन्छन्, जसले गर्दा यसको ऊर्जा निर्यातबाट हुने आम्दानीमा चोट पुग्न सकोस् । उनीहरूको विश्वास छ कि रूसको आर्थिक चोटले युद्ध मैदानमा प्रभाव पार्नेछ । तर धेरै अतिथिहरूलाई यो मनपर्दैन । उदाहरणका लागि, भारतले युक्रेन युद्धमा रुसको खुलेर आलोचना गरेको छैन । भारत स्वतन्त्र भएदेखि नै रुससँग बलियो सम्बन्ध रहेको छ । रुसको निर्यातमा पश्चिमा देशले लगाएको प्रतिबन्धका बाबजुद भारतले रुसबाट तेल किन्ने क्रम जारी राखेको छ ।

सस्तो तेल पाइन्छ भने महँगो तेल किन किन्ने भारतको भनाइ छ । तर यसमा भारत एक्लै छ भन्नु उचित हुनेछैन । कोरोना महामारीबाट उकास्ने अर्थतन्त्रका लागि युद्धले थप कठिनाइहरू सिर्जना गरेको छ, यी देशहरू मुद्रास्फीति र खाद्य संकटको चपेटामा परेका छन् । उनीहरू डराउँछन् कि यदि रूसमाथि थप प्रतिबन्धहरू लगाइयो भने, यो अन्न सम्झौताबाट बाहिरिनेछ, जुन युक्रेनबाट अन्न बाहिर निकालेर र अन्य देशहरूमा पुऱ्याउन महत्वपूर्ण छ । यसो भयो भने खाद्यान्न अभावका कारण मुद्रास्फीति अझै बढ्ने छ । तर केही देशहरूका लागि रुसमाथिको प्रतिबन्ध एकदमै फरक मुद्दा हुन सक्छ । सिंगापुरको इन्स्टिच्युट अफ साउथ एसियन स्टडीजका भिजिटिङ फेलो न्गुएन खा जियाङ भन्छन्, 'भियतनाम ऐतिहासिक रूपमा रुसको नजिक रहेको छ । यसले ६० प्रतिशत हतियार र ११ प्रतिशत मल रुसबाट आयात गर्छ ।'

'इन्डोनेसिया रसियामा पूर्ण रूपमा निर्भर छैन, तर रूसबाट ठूलो मात्रामा हतियार खरिद गर्दछ । तिनीहरू दुवै रुससँग आफ्नो सम्बन्ध सुधार गर्न चाहन्छन् ।' 'मलाई लाग्दैन कि यी दुई देशले रुस विरुद्धको प्रतिबन्धलाई समर्थन गर्नेछन् । यसो गर्दा उनीहरूलाई कत्तिको फाइदा हुन्छ भन्ने निश्चित रूपमा भन्न गाह्रो छ, तर त्यसो गर्दा उनीहरूका लागि आर्थिक र राजनीतिक कठिनाइहरू सिर्जना गर्न सक्छ ।'

यस्तो अवस्थामा किशिदाले आफ्नो ध्यान आणविक खतरातर्फ राखेर हिरोसिमामा हुन लागेको यो बैठकमा रुसबाट सम्भावित आणविक हमलाको खतरातर्फ सदस्य राष्ट्रको ध्यानाकर्षण गराउनु उचित हुनेछ । उसले बैठकमा उपस्थित प्रतिनिधिहरूलाई किन आणविक हतियारहरू प्रयोग गर्नु हुँदैन भनेर देखाउन सक्छ । यसका लागि उनीमाथि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीबाट केही दबाब हुनेछ, किनभने युक्रेनले पनि युद्धको त्रासदीको सामना गरिरहेको छ ।

अर्कोतर्फ जी-७ बाहिर रहेका धेरै देशले पश्चिमी मुलुकले आफ्ना समस्यालाई बेवास्ता गरेको गुनासो गर्दै आएका छन् । उनीहरूको बैठकमा सहभागिता हुनु राम्रो सुरुवात भएको विश्लेषकहरूको विश्वास छ । ताइवानमा चीनको सैन्य अड्डा, ताइवानको खाडी र दक्षिण चीन सागर - यी यस्ता महत्वपूर्ण मुद्दाहरू हुन् जसले गत वर्ष छलफलमा हावी भएको थियो । जापान यस संगठनमा पश्चिमी देशहरूसँगको एक मात्र एसियाली सदस्य हो ।

यस्तो अवस्थामा ताइवान सीमानजिकै चीनको 'सैन्य शक्ति प्रदर्शन' लाई जवाफ दिन किशिदाका लागि जी -७ प्लेटफर्म महत्वपूर्ण छ । जापानले पश्चिमी देशहरूलाई सन्देश दिन चाहन्छ कि युक्रेनमा तपाईंको लडाइ हाम्रो हो तर यो एकतर्फी हुनु हुँदैन, हाम्रा मुद्दाहरू पनि तपाईंको लागि महत्वपूर्ण हुनुपर्छ । तर रुसको तुलनामा, चीन विश्वका लागि ठूलो टाउको दुखाइ साबित हुन सक्छ किनभने यो विश्वव्यापी आपूर्ति श्रृंखलाको एक महत्वपूर्ण भाग हो । हालैका दिनहरूमा, चीन भ्रमण गरेका फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले युरोपलाई चेतावनी दिएका थिए कि 'हामी हाम्रो हितमा नभएको युद्धको हिस्सा बन्नु हुँदैन ।'

उनको बयानले पश्चिमी र युरोपेली देशहरूमा केही तनाव उत्पन्न गऱ्यो । तर यसले यी देशहरू पूर्वी एसियातिर फर्किन सक्ने डर पैदा गरायो । विज्ञहरू भन्छन्, चीनको कुरा फरक छ । उसको भनाइलाई गम्भीरतापूर्वक लिनु पर्दछ किनभने पश्चिमी देशहरू जस्तै, हरेक सरकार परिवर्तनसँगै मुद्दाहरूमा चीनको अडान परिवर्तन हुँदैन । ल्याटिन अमेरिकासँग चीनको व्यापारिक सम्बन्ध फस्टाउँदै गएको छ । यस क्षेत्रको जीडीपीमा चीनको योगदान ८.५ प्रतिशत छ । ब्राजिलले चीनबाट आयात भन्दा बढी निर्यात गर्छ । दुई अफ्रिकी देश घाना र जाम्बिया चिनियाँ ऋणको बोझमा दबिएका छन् । तर, चीनले अमेरिकाको आर्थिक दबाबबाट पीडित भएको बताउँदै कुनै पनि देशले अर्कोमाथि आर्थिक दबाब दिन हुँदैन भन्ने नीति लिएको छ ।

## रूस-युक्रेन युद्ध : मध्यस्थतामा चीन र भारतको चासो

रुस-युक्रेनबीच जारी युद्ध अन्त्यका लागि चीन र भारतले मध्यस्थतामा चासो देखाएका छन्। दुवै देश रुसका सबैभन्दा नजिकका मित्र राष्ट्र हुन्। उदीयमान अर्थतन्त्र भएका दुवै देश विश्व राजनीतिका 'नयाँ खेलाडीहरू' पनि मानिन्छन्। एकआपसमा व्यापारबाहेक अन्य सम्बन्धमा चिसोपना भएका उनीहरू रुस-युक्रेन युद्धमा भने मध्यस्थताको भूमिकामा सफल हुन खोजिरहेका छन्।

रुससँग भारतको 'रणनीतिक साझेदारी' को सम्बन्ध छ। यी दुईबीच व्यापार र वार्ता सँगसँगै जाने सहमति पनि छ। अर्कोतर्फ चीनको रुससँग 'असीमित' सम्बन्धको सहमति सन् २०२२ फेब्रुअरी ४ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको बेइजिङ यात्राको दौरान भएको थियो।

रुसको अर्थतन्त्रलाई दिगो बनाउने तेलको पहिलो र दोस्रो खरिदकर्ता हुन्, चीन र भारत। 'तेल खरिद सन् २०२२ मा २२ गुणा बढ्यो। जुन प्रतिदिन १.६४ मिलियन ब्यारेल आयात हो। रुससँग भारतको रक्षा क्षमता (९० प्रतिशत सशस्त्र सवारीसाधन, ६९ प्रतिशत लडाकु विमान, ४४ प्रतिशत पनडुब्बी र ६५ प्रतिशत रुसी मिसाइल) को सम्झौता भइरहेको छ। अर्कोतर्फ चीन वायुसेना हतियारमा रुसमै निर्भर छ,' भूराजनीतिक जानकार तथा अवकाश प्राप्त उपरथी विनोज बस्न्यातले भने।

उनले अप्रिलमा मस्कोमा भएको बैठकले चीन-रूस रणनीतिक गठबन्धनलाई थप सुदृढ बनाएको उल्लेख गरे। 'त्यो बैठक सबैभन्दा महत्त्वपूर्ण छ, किनकि राष्ट्रपति पुटिन आक्रमणअघि बेइजिङमा थिए र नो लिमिट (असीमित) साझेदारीमा हस्ताक्षर गरे,' उनले भने, 'तर यो वास्तवमा भारत र रुसको रणनीतिक साझेदारीका लागि राम्रो हुने छैन।' गत फेब्रुअरी ४ मा युक्रेन संकटको राजनीतिक समाधानमा चीनको अडान भन्दै १२ बुँदे वक्तव्य आयो। वक्तव्यमा 'सबै पक्षले रुस र युक्रेनलाई एउटै दिशामा काम गर्न र यथाशक्य छिटो वार्ता पुनः सुरु गर्न समर्थन गर्नुपर्ने' उल्लेख थियो ।

उक्त वक्तव्य चीनका राष्ट्रपति सी चिनफिङको मार्च २०-२२ सम्म भएको रुसको औपचारिक भ्रमणअघि थियो। एकातर्फ सीले पुटिनलाई भेटेर युद्ध अन्त्यको गृहकार्य गरे भने अर्कोतर्फ मस्कोबाट फर्केपछि अप्रिलको मध्यमा युद्ध रोक्न आवश्यक 'पोलिटिकल सेटलमेन्ट' को तयारी थाले । सीले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई फोन संवाद गरेर युद्ध अन्त्य गर्न आफूले मध्यस्थता गर्न लागेको जानकारी दिए, जसलाई जेलेन्स्कीले स्वागत पनि गरे। सीले आफ्ना दूतलाई युक्रेन पनि पठाए। तर उक्त पहलपछि पनि युद्धले रोकिने नामै लिएको छैन। दुई मुलुकबीचको 'हाइब्रिड वार' (नयाँ प्रविधिमार्फत लडिने युद्ध) चलिरहेकै छ।



युद्धमा युक्रेनका साढे १७ हजारभन्दा बढी सैनिकको मृत्यु भएको समाचार बाहिरिएका छन्। करिब एक लाख १३ हजार घाइते भएका छन्। रुसतर्फ भने करिब १० हजार सैनिकको मृत्यु भएको छ भने करिब एक लाख घाइते छन्। युद्धको एक वर्षपछि किभ स्कुल अफ इकोनोमिक्सले गरेको अनुसन्धान अनुसार युक्रेनमा झन्डै ६ खर्ब नेपाली रुपैयाँ बराबरको पूर्वाधार ध्वस्त भएका छन्। युक्रेन र पश्चिमाले रुससँगको युद्धमा एक सय अर्ब अमेरिकी डलर खर्च गरिसकेको सञ्चारमाध्यमले उल्लेख गरेका छन्। अर्कोतर्फ रुसले युद्धमा त्योभन्दा बढी १ सय ४० अर्ब अमेरिकी डलर खर्च गरिसकेको छ।

चीनकै सहयोगमा बेइजिङमा साउदी अरब र इरानबीच द्वन्द्व सकिएपछि रुस-युक्रेन युद्ध अन्त्यमा पनि उसले अग्रसरता बढाएको हो। सात वर्षपछि यी दुई मुलुकले कूटनीतिक सहकार्यलाई अघि बढाउने निर्णय गरे। त्यही मध्यस्थकर्ताको प्रभावलाई चीनले रुस-युक्रेन युद्धमा पनि देखाउन चाहेको छ, तर त्यो सहज छैन। भूराजनीतिविद् बस्न्यातले इन्डो-प्यासिफिक क्षेत्रका नयाँ दुई प्रतिस्पर्धी चीन र भारत दुवैलाई रुसको चासोले प्रत्यक्ष र अप्रत्यक्ष असर गर्ने बताए। उनले रुस, भारत र चीन तीनवटै देश एकअर्कामा निर्भर रहेको उल्लेख गरे। 'भारत र रुसले आफ्नो आर्थिक संलग्नतालाई गहिरो बनाइरहेका छन्, मस्को पनि युक्रेनको आक्रमणसँगै बेइजिङको नजिक पुगेको छ, जसले नयाँदिल्लीको लागि राष्ट्रिय सुरक्षा चिन्ता खडा गरेको छ,' उनको टिप्पणी छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि युद्ध रोक्न गृहकार्य गरिरहेका छन्। सन् २०२२ को सेप्टेम्बरमा उज्वेकिस्तानमा भएको सांघाई कोअपरेसन अर्गनाइजेसन (एससीओ) को शिखर सम्मेलनको दौरान भएको साइडलाइन भेटवार्तामा रुसी राष्ट्रपति पुटिनलाई मोदीले आजको युग युद्धको नभएको बताएका थिए। साथै, मोदी र विदेशमन्त्री जयशंकरसँगको संवादमा युक्रेनका राष्ट्रपति र विदेशमन्त्रीले युद्ध रोक्नको लागि सहजीकरण वा मध्यस्थकर्ताको भूमिका निर्वाह गरिदिन पनि आग्रह गरिसकेका छन्। इन्डोनेसियामा भएको जी-२० सम्मेलनमा पनि मोदीले युद्ध अन्त्यमा जोड दिएका थिए ।

रुस-युक्रेन युद्धलाई लिएर बेइजिङको भन्दा नयाँ दिल्लीको अनौठो सम्बन्ध छ। भारतले पश्चिमा मुलुकसँग पनि आफ्नो सम्बन्धलाई विस्तार गरेको छ भने रुससँग पुरानै सम्बन्धलाई यथावत् राखिरहेको छ। रुसले आक्रमण थालेसँगै भारतले युक्रेनमा मानवीय सहायता पठाएको थियो। भारतका प्रधानमन्त्री मोदीले दूत पठाएरै दुवै देशसँग वार्ता अघि बढाउन सक्छन्। तर हालसम्म उक्त कदम चालिएको छैन।

युक्रेनले उत्तर अमेरिकी सन्धि संगठन (नाटो) को सदस्यता लिने घोषणा गरेपछि रुसले आक्रमण थालेको थियो। तर रुसको अर्को छिमेकी फिनल्यान्डले नाटोको सदस्यता लिए पनि आक्रमण गरेन। किनकि युरोपमा दुई वटा भनाइ प्रख्यात छन्। पहिलो, पश्चिम युरोपमा 'अल रोड्स लिड्स टु रोम' भनिन्छ। दोस्रो, पूर्वी युरोपमा 'अल रोड्स लिड्स टु किभ' भनिन्छ। किभ युक्रेनको राजधानी हो। किभ र मस्को बीचको दूरी मात्र कम छैन, युक्रेनमा बस्नेले रुसी भाषा नै बोल्छन्। त्यसैले युक्रेन रुसका लागि रणनीतिक चासोको क्षेत्र पनि हो। रुससँग जोडिएको रुसीभाषीहरू रहेको युक्रेनी क्षेत्रलाई त पुटिनले एकपछि अर्को गर्दै कब्जा नै गरिरहेका छन्। सन् १९९० मा सोभियत संघको विघटन र विखण्डनपछि युक्रेन स्वतन्त्र भएको थियो ।

*(एजेन्सीहरूको सहयोगमा)*

## विश्वका झन्डै ८३ करोड मानिस भोकमरीमा



विश्वका १० प्रतिशत जनसंख्या अर्थात् ८२ करोड ८० लाख मानिस हरेक रात भोकै सुत्ने गरेको तथ्यांक संयुक्त राष्ट्रसंघले सार्वजनिक गरेको छ । संयुक्त राष्ट्रसंघीय खाद्य र कृषि संगठन (एफएओ) को तथ्यांक अनुसार पछिल्लो एक वर्षमा मात्रै ४ करोड ६० लाख थप मानिसहरू भोकमरीको शिकार बनेका छन् ।

भोकमरीबाट प्रभावित भएकामध्ये दुई तिहाइ महिला छन् । साथै ८० प्रतिशत जलवायु परिवर्तनको जोखिमयुक्त क्षेत्रका मानिसहरू रहेका छन् । मे २८ मा विश्व भोकमरी दिवसको अवसरमा यस्तो तथ्यांक सार्वजनिक भएको हो । लामो समयसम्म भोकमा रहँदा विशेषगरी बालबालिकामा आजीवन रुपमा मानसिक र शारीरिक स्वास्थ्य समस्या निम्त्याउने विशेषज्ञहरू बताउँछन् ।


राष्ट्रसंघीय रिपोर्ट अनुसार हालैका वर्षहरूमा भोकमरीको अवस्था झन बिग्रँदो रुपमा गहिरिएको जनाइएको छ । सन् २०१९ देखि २०२१ मा १ करोड ५० लाख कुपोषित मानिसहरूको संख्या थपिएको थियो । जसको प्रारम्भिक कारण भने द्वन्द्व, जलवायु परिवर्तन, आर्थिक संकट र कोरोना महामारीलाई मानिएको छ ।

यस्तै हालको विश्वव्यापी भोकमरी र कुपोषण संकटको मात्रा अत्यधिक बढेको बताइएको छ । ३४ करोड ५० लाखभन्दा धेरै मानिसहरू मानिसहरूले २०२३ मा उच्च स्तरको खाद्य असुरक्षाको सामना गरिरहेका छन् । जुन संख्या २०२० मा भन्दा दोब्बर बढी हो । साथै यसबीचमा खाद्यान्नको मूल्य पनि बढेको छ । साथै २०१९ देखि २०२२ को अवधिमा खाद्य मूल्य सूचकांक ९५.१ बिन्दुबाट बढेर १४३.७ बिन्दुमा पुगेको देखिएको छ । विश्वव्यापी रुपमा खाद्य वस्तुको मूल्य बढे पनि विभिन्न देशहरूमा त्यसको स्तर पनि फरक रुपमा रहेको ट्रेड एण्ड मार्केट्स डिभिजनकी अर्थशास्त्री मोनिका तोथोवाले बताएकी छन् ।

खाद्य सुरक्षा र पोषणको लागि संयुक्त राष्ट्रसंघको पछिल्लो प्रतिवेदन अनुसार विश्वमा अधिकांश एसियामै रहेका मानिसहरू कुपोषित रहेको देखिएको छ । जहाँ २०२१ मा ४२ करोड ५० लाख मानिसहरू भोकमरीमा रहेको रिपोर्टमा देखिएको छ । तर भोकमरीको व्यापकता भने अफ्रिकी मुलुकमा रहेको रिपोर्टले जनाएको छ । जहाँ त्यस वर्ष २७ करोड ८० लाख मानि प्रभावित भनेका थिए । यसैबीच, २०२२ मा सुरु भएको रुस-युक्रेन युद्धका कारण मुख्य अन्न, तेल र मलका ठूला विश्वव्यापी उत्पादकहरूको अन्तर्राष्ट्रिय आपूर्तिमा अवरोध निम्त्याउँदा अन्न, मल र ऊर्जाको मूल्य बढ्न पुगेको पनि रिपोर्टमा उल्लेख छ । यसवाहेक आगामी दिनमा पनि विश्वव्यापी रुपमा भोकमरीको अवस्था थप विनाशकारी रुपमा बढ्नसक्ने संकेत गरिएको छ ।

प्रेरक

## सुकरातको सफलता



एक पटक एक युवकले विद्वान् सुकरातलाई सफलताको रहस्य सोधे । सुकरातले धैर्यपूर्वक ती युवकका सबै कुरा सुने र जवाफका लागि भोलिपल्ट नदीको छेउमा भेट्न भने । जब उज्यालो भयो तब सुकरातले ती युवकलाई नदीतर्फ लगे । सँगै हिँडिरहँदा दुवै चुपचाप भए, नदीसम्म पुगे ।

नदीमा प्रवेश गर्नु अबको काम थियो । नदीभित्र पसेपछि युवक आश्चार्यमा थिए । अब के हुन्छ ? अब कतिसम्म जाने ? के गर्न यो काम भइरहेको छ ? आदि । युवक आश्चार्यमा परिरहँदा सुकरातले उनलाई पानीमा डुबाइदिए । जवान ती युवक नदीको पानीबाट निस्कन संघर्ष गरे । तर सुकरातले भएभरको बल निकालेर ती युवकलाई पानीभित्रै रहनका लागि थिचिरहे ।

युवकले धेरै बल गरेपछि सुकरात चुप बसे । युवक पानीबाट निलो अनुहारसहित बाहिर निस्किए । सुकरातको अनुहार हेरे । उनी शान्त थिए । युवकमा धेरै छटपटि थियो । के गर्ने के नगर्ने ? भइरहेको थियो । एउटा जवाफ खोजेको अर्कै काम भइरहेको महसुस थियो उनमा ।

सुकरातले सोधे, 'युवक, तिमी टाउको पानीभित्र राख्दा उकुसमुकुस भइरह्यौ। त्यतिबेला सबैभन्दा बढी के चाहियो ?' युवकले जवाफ दिए, 'हावा।' सुकरातले तत्काल जवाफ दिइहाले, 'हो, सफलताको रहस्य पनि यही हो। पानीमा हुँदा हावाले चाहेको जति नराम्रो सफलता चाहनु हुन्छ, तब पाउनु हुनेछ। अर्को रहस्य कुनै छैना।'

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
अप्ठ्यारा परिस्थितिलाई सहज बनाउने समय छ। रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ। द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन्। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने योजना शुभारम्भ हुनेछ। साँझतिर बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। आफन्तले पनि उत्साह जगाउनेछन्।

### वृष
मिहिनेतले विभिन्न अवसर दिलाउनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। व्यापार र पेसामा राम्रै फाइदा हुनेछ। बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। विवाद तथा मुद्दाहरूमा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ।

### मिथुन
परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। हतारको निर्णयले काम बिग्रन सक्छ। अरूको फाइदाका लागि उपयोग भइएला। मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला। आफन्तको सहयोगले काम बनाउन सकिनेछ। व्यावहारिक समस्याले सताए पनि सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। साँझतिर काम बन्नुका साथै आर्थिक स्थितिमा सुधार आउनेछ।

### कर्कट
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। साँझतिर साथीभाइसँग केही सन्तुलित व्यवहार गर्नुपर्ला। बेसुरमा काम गर्ने बानीले समस्या पर्न सक्छ। शुभचिन्तकहरूको सहयोगले काम बन्नेछ। सोचेको काम पूरा हुनेछ । यात्राको सम्भावना बलियो छ ।

### सिंह
बौद्धिक क्षमतामा निखारता आउनेछ। बुद्धिको उपयोगले ठूलै काम पनि सम्पादन हुनेछ। सहयोगीहरूले साथ दिनेछन्। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ। साँझतिर प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। व्यापारमा मनग्य फाइदा हुनेछ। लाभांशबाट अरूको समेत सेवा गर्न सकिनेछ।

### कन्या
आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ। साँझतिर वादविवादले सम्बन्ध कमजोर बनाउन सक्छ। फजुल खर्च बढ्ने सम्भावना छ।

### तुला
खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। अरूको विश्वास गर्दा धोका पाइनेछ। बसाइको स्थानान्तरण वा टाढाको यात्रा सम्भावना छ। साँझतिर परिस्थिति अनुकूल बन्नाले धनलाभ हुनेछ। आगन्तुकले अलमल्याउने हुँदा नियमित काममा भने बाधा पुग्न सक्छ।

### वृश्चिक
श्रम परे पनि राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। दैनिक काम सम्पादन हुनुका साथै यथेष्ट आम्दानी भइरहनेछ। साँझतिर आकस्मिक खर्च बढ्नाले सरसापट लिनुपर्ने हुन सक्छ।

### धनु
भाग्यले कीर्तिमानी काम गर्ने अवसर दिलाउन सक्छ। आ^नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा प्रशस्त फाइदा हुनेछ। प्रयत्न गर्दा महत्वपूर्ण वस्तु लाभ होला। सहयोगीहरूले हिम्मत दिलाउनेछन्। प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ।

### मकर
मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ। चुनौतीहरु स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ। समुदायको हितमा विशेष काम गर्न सकिनेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। र, साँझतिर नयाँ काम थालनी गर्न सकिनेछ।

### कुम्भ
समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ। स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला। नयाँ काममा जुट्न नसकिएला। काम बने पनि तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ। गरी आएको कामलाई भने निरन्तरता दिन सकिनेछ। साँझतिर स्थितिमा सुधार आउनेछ। टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै दिगो लाभको संवाहक बन्न सक्छ।

### मीन
घुमफिर तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधन बिग्रनाले खर्च बढ्न सक्छ। निम्तो आए पनि आतिथ्य खर्चिलो रहनेछ। आफन्तसँग सुमधुर सम्बन्धका लागि विशेष ध्यान पुर्याउनुहोला। विवादास्पद काममा हात हाल्दा आलोचित बन्नुपर्ला। साँझतिर स्वास्थ्यमा कमजोरी र काममा चुनौतीको समय रहनेछ। सोचेको काम पूरा हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Nicety = झिनो अन्तर, It is difficult to go into all the niceties of this event यस घटनाको विषयमा उठेका झिना अन्तरहरू पहिल्याउन कठिन छ ।

Ostensible = सोझो वा सरल Although the ostensible purpose of this expedition is to clean the mountains, the member of the expedition is equally interested in scaling the summit यो अभियानको सोझो उद्देश्य पर्वतमा रहेको फोहोर सफा गर्नु भए तापनि अभियान दलका सदस्यहरू त्यस क्रममा शिखर चुम्न उत्तिकै इच्छुक छन् ।

Pristine = प्रारम्भिक कालका विशेषता भएको, मौलिक This is the pristine copy of the first edition so I can not lend you this book पहिलो संस्करणको मौलिकप्रति भएको हुँदा म तिमीलाई यो किताव दिन सक्दिन ।

Quaff = नचपाइ घुप्लुक घुप्लुक वा एकै सासमा निल्नु He was so thirsty that he quaffed the entire bottle of water in a minute उ यति तिर्खाएको थियो कि सिंगै बोतल पानी एकै सासमा नै सक्यो ।

Rue = गल्ति गरेको ठान्दै पछुताउनु He rued the same day he joined army सैनिक सेवामा भर्ती भएकै दिन गल्ती गरेको ठान्दै उसले पछुतायो ।

Subside = घट्दै वा किनारा लाग्दै जानु After taking medicine for three days, his fever began to subside तीन दिनसम्म औषधि सेवन गरेपछि उसको ज्वरो घट्न सुरु गर्‍यो ।

Trite = उस्तै लाग्ने नौलोपन नहुनु Because of the trite many viewers turn off the television channel frequently उस्तै लाग्ने कार्यक्रम भएको (नौलो कार्यक्रमको अभावको) कारण धेरै दर्शकहरूले टेलिभिजनको च्यानल छिटोछिटो परिवर्तन गर्दछन ।

Unrequited = बराबरीको व्यवहारको अभाव She rebuked her boy friend for his unrequited love आफूले दर्शाएको जति नै प्रेम नदर्शाएकोमा उनी आफ्नो केटो साथीसँग क्रोधित भइन् ।

Vitiate = प्रभावहीन बनाउनु, धमिल्याउनु The pollution has vitiated the atmosphere of inner city प्रदूषणले भित्री सहरको वातावरण धमिल्याइदिएको छ ।

Wont = चलन बानी I like very much her wont of jogging half an hour everymorning हरेक बिहान आधा घण्टा दौडने उनको बानी मलाई ज्यादै मनपर्छ ।

## Cut बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Cut somebody off = लाइन काट्नु The internet service provider cut us off in the middle of our online onversation इन्टरनेट सेवा प्रदायकले हाम्रो अनलाइन कुरा हुँदाहुँदै बीचमा नै हामीलाई लाइन काटिदियो ।

Cut something off बन्द गर्नु If you do not pay the water bill within this week we will cut off the supply तपाईंले यही हप्ताभित्रै पानीको पैसा तिर्नु भएन भने हामी आपूर्ति बन्द गर्नेछौं ।

Cut something off = छोट्याउनु He did not like to cut off less important portion of his report उसले आफ्नो प्रतिवेदनको कम महत्वपूर्ण बुँदाहरू छोट्याउन चाहेन ।

Cut something off = काटेर निकाल्नु You have to buy the complete roll of this tape, we can not cut it off to sell तपाईंले यो टेपको पुरै रोल किन्नुपर्छ काटेर निकाली बिक्री गर्न सकिन्न ।

Cut somebody off from something = कसैलाई केही कुरा गर्नबाट वञ्चित गर्नु The government cut the soldiers off from its base सरकारले सिपाहीहरूलाई तल्लो तहदेखि नै उनीहरूको कामबाट वञ्चित गर्‍यो ।

Cut off something from = संचार विच्छेद गर्नु The heavy snowfall cut off the village from entire world ठूलो हिमपातको कारण त्यो गाउँको संचार सम्बन्ध पुरै विश्वबाट विच्छेद भयो ।

Cut out = काम नगर्नेलाई निकाल्नु The engineer cut out one of the aircraft engines for the purpose of maintenance इन्जिनियरले हवाईजहाजको काम नलाग्ने एक इन्जिन मर्मतको लागि निकाले ।

Cut something out through = भित्रभित्रै खनेर निकाल्नु To cut out a path through this forest is impossible यो जंगल भित्रभित्रबाट बाटो खनेर निकाल्न असम्भव छ ।

Cut out something = स्थान बनाउनु Finally he became successful to cut out a niche for himself in politics उसले अन्तमा गएर आफ्नो लागि राजनीति स्थान बनाउन सफल भयो ।

Cut out for = को लागि बनेको He is not cut out for teaching ऊ शिक्षण पेसाका लागि बनेको होइन ।

### सुडोकु–अंक ३०४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | ३ | | | | ४ | ५ | |
| ७ | | | | | | | | ६ |
| | | ८ | ७ | | ६ | २ | | |
| | | | | ९ | | | | |
| ८ | ३ | | ४ | | १ | | ७ | ९ |
| | | | | ५ | | | | |
| | | ७ | ५ | | २ | ९ | | |
| १ | | | | | | | | ५ |
| | ९ | ४ | | | | ६ | ३ | |

### अंक ३०३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ७ | ३ | ४ | २ | ८ | ९ | १ |
| २ | १ | ९ | ८ | ६ | ५ | ३ | ७ | ४ |
| ३ | ८ | ४ | ७ | ९ | १ | २ | ६ | ५ |
| ६ | ७ | ८ | ५ | २ | ९ | ४ | १ | ३ |
| ४ | ३ | २ | १ | ८ | ७ | ९ | ५ | ६ |
| १ | ९ | ५ | ४ | ३ | ६ | ७ | ८ | २ |
| ८ | ४ | ६ | ९ | ५ | ३ | १ | २ | ७ |
| ९ | २ | १ | ६ | ७ | ४ | ५ | ३ | ८ |
| ७ | ५ | ३ | २ | १ | ८ | ६ | ४ | ९ |

## बुढानीलकण्ठ नगरपालिका १२ मा वडास्तरीय बालअधिकार समिति गठन



काठमाडौं । बुढानीलकण्ठ नगरपालिका वडा १२ मा वडास्तरीय बाल अधिकार समिति गठन भएको छ । लामो समयको छलफलपछि नगरपालिकाले बालबालिकाका लागि काम गर्न सहज बनाउने हेतुले बालबालिकासम्बन्धी कार्यविधि २०७९ नगर कार्यपालिकाले अनुमोदन गरेर स्थानीय राजपत्रमा प्रकाशन गरेको थियो ।

कार्यविधि अनुसार वडामा वडाध्यक्षको अध्यक्षतामा वडा महिला सदस्य, स्वास्थ्य चौकी प्रमुख, वडाभित्रका विद्यालयहरूमध्येबाट वडाध्यक्षले तोकेको एक जना प्रधानाध्यापक सदस्य, वडामा काम गर्ने गैरसरकारी संस्थाका प्रतिनिधि सदस्य वडास्तरको बालसञ्जालका प्रतिनिधि सदस्य वडा सचिव सदस्य सचिव रहने व्यवस्थाअनुसार समिति गठन भएको हो ।

बालबालिकाको क्षेत्रमा काम गर्ने अभियान वडाले सञ्चालन गरिरहेको छ । नगरपालिकाको वडा कार्यालयले वडास्तरीय समिति गठनमा पहिलो सुरुवात गरेको र यस नगरपालिकाको वडा नम्बर १२ लाई बालमैत्री वडाको रुपमा अगाडि बढाइ एउटा नमुना वडाको रुपमा स्थापित गर्न आफू हरतरहले लागिपर्ने कुरा नवगठित वडास्तरीय बाल अधिकार समितिका अध्यक्ष तथा १२ नम्बर वडाका वडाध्यक्ष शम्भूप्रसाद भट्टराईले बताउनु भयो ।

वडालाई बालमैत्री वडा निमार्णका लागि कार्यक्रमसहित समिति गठन कार्यक्रममा टोल सुधार समितिका प्रतिनिधि, गैरसंस्थाबाट बाल विकास समाज, चाइल्ड नेपाल, रेडक्रस सोसाइटी लगायतका संस्थाका प्रतिनिधि, महिला सञ्जालका प्रतिनिधि बालअधिकारका क्षेत्रमा काम गर्ने विज्ञहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा बालबालिकाको लागि काम गर्न योजना बनाएर काम गर्दा राम्रो हुने त्यसका लागि आफूले पूर्ण सहयोग गर्ने र वडाले बालअधिकारको क्षेत्रमा काम गर्न एउटा नमुनाको रुपमा अगुवाई गरेकोमा गौरव लागेको कुरा बालअधिकारकर्मी तथा चाइल्ड नेपालका अध्यक्ष डा. कृष्णप्रसाद सुवेदीले बताउनुभयो । यस समितिबाट वडामा बालबालिकाको क्षेत्रमा उदाहरणीय काम होला भन्ने अपेक्षा गरिएको छ ।

## योगेन्द्रलाई सर्वोत्कृष्ट संगीत अवार्ड




काठमाडौं । संगीतकार योगेन्द्र उपाध्यायलाई वर्षकै सर्वोत्कृष्ट संगीत निर्देशकको अवार्ड प्रदान गरिएको छ । राजधानीमा सम्पन्न तेस्रो 'स्पर्श म्युजिक भिडियो अवार्ड २०२३' मा योगेन्द्रले 'अन्धकार' बोलको गीतबाट सर्वोत्कृष्ट संगीत निर्देशकको अवार्ड हात पारेका हुन् । समारोहमा योगेन्द्रलाई अग्रज नृत्य निर्देशक कमल राई र छायांकार शिव ढकालले सर्वोत्कृष्टताको अवार्ड हस्तान्तरण गरे ।

विविध सांस्कृतिक कार्यक्रमसहित सम्पन्न समारोहमा सांगीतिक क्षेत्रका विशिष्ट व्यक्तित्वको उपस्थिति रहेको थियो । यस्तै, अभिनेत्री विपना थापालाई 'युग नायिका' सम्मान अर्पण गरिएको कार्यक्रममा शैलेन्द्र खनालले 'वीर' बोलको गीतबाट सर्वोत्कृष्ट गीतकार, सुवानी मोक्तानले 'समय' बोलको गीतबाट सर्वोत्कृष्ट गायिका, सञ्जय किशोरले 'धेरै भो' बोलको गीतबाट सर्वोत्कृष्ट गायक, बिना श्रेष्ठले 'उनी बोल्दिनन् अचेल' बोलको गीतबाट सर्वोत्कृष्ट म्युजिक भिडियो निबर्देशक (महिला) र 'जुम्ला' बोलको गीतको भिडियोले सर्वोत्कृष्ट भिडियोको अवार्ड प्राप्त गरे ।

कुल ५८ विधामा अवार्ड तथा सम्मान प्रदान गरिएको समारोहमा संगीतकार राजेन्द्र बजगाई, मोडल सञ्चिता शाही, मेकअप आर्टिसट ऋतु रानालगायत निर्णायक रहेका थिए । योगेन्द्र राष्ट्रिय लोक सांस्कृतिक संघका महासचिवसमेत हुन् । उनले यसअघि पनि सर्वोत्कृष्ट संगीतका लागि थुप्रै अवार्ड प्राप्त गरिसकेको बताए । उनले जिनियस म्युजिक अवार्ड २०७६, क्वालिटी म्युजिक अवार्ड २०७९, इमेज अवार्डलगायतका अवार्ड प्राप्त गरिसकेको जानकारी दिए । त्रिभुवन विश्वविद्यालयबाट संगीतमा स्नातकोत्तर गरेका योगेन्द्र संगीतको गहिरो ज्ञान भएका संगीतकारका रुपमा परिचित छन् । उनले सगरमाथा म्यजिक अवार्ड २०७९, नीम अवार्ड २०२३ लगायतका अवार्डमा निर्णायकका रुपमा समेत काम गरिसकेको जानकारी दिए ।

## ललितकला पत्रकारिता पुरस्कार ढुंगानालाई



काठमाडौं । गणतन्त्र दिवसको अबसर पारेर आयोजना गरिएको 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०८०' को अवसरमा पत्रकार नारायण ढुंगानालाई रु २५ हजार राशीको राष्ट्रिय ललितकला पत्रकारिता पुरस्कार प्रदान गरिएको छ ।

उक्त प्रदर्शनीको उद्घाटनका क्रममा सोमबार संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले उनलाई उक्त पुरस्कार प्रदान गरेका हुन् । पत्रकार ढुंगाना राष्ट्रिय समाचार समिति (रासस) मा कार्यरत छन् ।

ललितकला क्षेत्रमा योगदान पुर्याएका पत्रकारहरू मध्येबाट उनलाई छनोट गरी पुरस्कार प्रदान गरिएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका उपकुलपति तथा प्रदर्शनीको कार्यकारी समितिका संयोजक लालकाजी लामाले जानकारी दिए । चितवन निवासी पत्रकार ढुंगाना विगत २० वर्षदेखि पत्रकारिता गर्दै आएका छन् । उनी कलाका साथै सुरक्षा, सामाजिक तथा परोपकारी पत्रकारितामा रुची राख्छन् । यस पटकको कलालेखन पुरस्कार भने नरेन्द्रप्रसाद पौडेलले प्राप्त गरेका छन् । यसै वर्षदेखि प्रतिष्ठानले स्थापना गरेको कला प्रवर्द्धन सम्मान संगीता थापालाई प्रदान गरिएको थियो भने 'राष्ट्रिय ललितकला प्रदर्शनी-२०८०' को सद्भावनादूतको रुपमा अनिल चित्रकारलाई सम्मान गरिएको थियो ।

'म, मेरो देश र मेरो सिर्जना' थिममा शुरु यस वर्षको कला प्रदर्शनीको लोगो निर्माण गर्ने कलाकार प्रा राधेश्याम मूल्मीलाई ताम्रपत्रबाट सम्मान गरिएको थियो । समारोहमा ललितकलाका विभिन्न विधामा तीन दर्जन बढी कलाकारलाई पुरस्कार प्रदान गरिएको थियो । यस पुरस्कारबाट आफूलाई पत्रकारिता क्षेत्रमा थप जिम्मेवारी तुल्याएको र आगामी दिनमा थप दृढ र मर्यादित भएर कलम चलाउने पत्रकार नारायण ढुंगानाले बताए ।

# Changing River Pothong

Medical Oxygen Factory

Oxygen is an essential element in people's life. For such a reason, the production of medical oxygen in the public health sector comes up as a matter of great importance in protection of human life and health care. .

A medical oxygen factory built in a thick forest full of fresh air on the outskirts of Pyongyang is now mass-producing high-quality medical oxygen.

Equipped with excellent production facilities capable of producing both gas and liquid oxygen with the same high purity as natural oxygen, the factory is also permeated with tender love of respected Comrade Kim Jong Un.

7 years ago, respected Comrade Kim Jong Un, who always paid deep attention to the work of protecting and caring people's life and health, initiated the construction of modern medical oxygen factory which was so much needed in the sector of public health. He gave detailed teachings on the construction, ranging from the building site to design and building operation. In May that year, he visited the dusty building site and solved all the problems arising in the construction.

Respected Comrade Kim Jong Un energetically led the whole process of the construction, becoming himself the designer and the owner of building. Thanks to his devoted efforts, the medical oxygen factory was wonderfully built within a short period of only several months.




In September 2016, respected Comrade Kim Jong Un visited the Medical Oxygen Factory where all production processes are automated and computerized, and fully equipped with all the necessary facilities for supplying medical oxygen to hospitals without any inconvenience. He was very pleased that the factory is small, but big enough in actively contributing to the protection of people's lives and caring of their health. He warmly said that the factory encapsulates the people-oriented view of the Workers' Party of Korea, the spirit of selfless devotion to people.

Respected Comrade Kim Jong Un set forth many tasks for the factory on that day. These include the normalization of production based on the maximum increase of technical skills and responsibilities of the workers, scrupulous equipment control and technical management, good care of facilities and the establishment of strict quality control system for providing good-quality oxygen of hygienic standard.

He said that we should also build modern medical oxygen factories in other areas based on the experiences gained during its construction.

Today, under the careful attention and solicitude of respected Comrade Kim Jong Un, the medical oxygen factories built in several provinces including Pyongyang are producing medical oxygen which is up to all of the medical standards set by the World Health Organization and supplies it in sufficient amounts to the medical facilities in the region.



Thanks to the warm love for the people cherished by respected Comrade Kim Jong Un, yet another precious asset, a small but big treasured factory, has been erected on this land and our people are living worthwhile lives free from diseases, enjoying the benefits of the socialist healthcare system.

**Consciousness**

Chairman Kim Jong Il said. "Consciousness is an attribute of social man, which determines all his endeavours to understand and reshape the world and himself."

Consciousness is an attribute of social man, which determines all his endeavours to understand and reshape the world and himself. Because he has consciousness, man understands the world and the laws of its motion and development, harnesses nature and develops society as he desires. Consciousness is an attribute of social man, which determines all his endeavours to understand the world and himself. It is important for man to understand the surrounding world and himself in order to transform the world and hew out his destiny. The cognitive process of understanding his demand and interests is not an passive process of reflecting things and phenomena but a purposeful and conscious one coordinated and controlled by consciousness,. Because he has consciousness, man selects the object of his keen interest among things and phenomena of the surrounding world and aims whole process of his cognition as the understanding of its essence and law. Man braves negative psychological elements arising in the cognition process and makes his cognitive activities continuous and intensive. Because he has consciousness, man is aware of his demand and interests as well as of the surrounding world and make strenuous effort for their realization. Consciousness is an attribute of social man, which determines his endeavours to reshape the world and himself. Like his cognitive activities, man's practical activities are the purposeful and conscious process that is determined by the consciousness. Consciousness makes man determine to select in a rational way the object and target, means and ways, stage and order of his practical activities. Because man has consciousness, he can determine what to transform and what to get on the basis of calculating vital needs and actual conditions, what kind of material and apparatus to use and which method and idea to apply and in which step and order to make his activities for transformation. Consciousness is an attribute of man to coordinate and control so that he can make practical activities purposefully and consciously. Because he has consciousness, man makes initiative and active analysis and judgment of problems and situations arising newly in the process of his practical activities and takes proper measures and steps in conformity with them. He carries out his planned practical activities to the end by overcoming difficulties and ordeals encountered in the process of the activities with strong will.







## People's Open-air Ice Rink

On the picturesque Taedong riverside in Pyongyang, the capital city of the Democratic People's Republic of Korea, there is the People's Open-air Ice Rink, boasting its unique architectural beauty. Inaugurated in November 2012, its total floor space is 6 469 square metres, and the skating area is 1800 square metres. As a public service establishment, it is frequented by people all year round.



## कुन कुन...

अन्तःशुल्क लाग्ने गरेकामा बढाएर रु एक हजार आठ सय पुऱ्याइएको छ ।

त्यस्तै, २५ युपी शक्ति (४२ दशमलव ८ प्रतिशत अल्कोहल) भएको ह्विस्कीमा प्रतिलिटर एक हजार तीन सय ६ बराबर अन्तःशुल्क लाग्ने गरेको त्यसलाई बढाएर रु एक हजार तीन सय ४५ पुऱ्याइएको छ । ३९ दशमलव ९४ प्रतिशत अल्कोहल भएको ह्विस्कीमा प्रतिलिटर रु एक हजार दुई सय १५ अन्तःशुल्क लाग्ने गरेकामा बढाएर रु एक हजार दुई सय ५० पुऱ्याइएको छ ।

जिन र जेनेभाको कच्चा पदार्थका रुपमा प्रयोग हुने स्प्रिटमा प्रतिलिटर रु दुई सय २८ बराबर अन्तःशुल्क लाग्ने गरेकामा बढाएर प्रतिलिटर रु दुई सय ३५ पुऱ्याइएको छ । ४८ दशमलव पाँच प्रतिशत अल्कोहल भएको जिनमा प्रतिलिटर एक हजार सात सय ५० बराबर अन्तःशुल्क लाग्ने गरेकामा प्रतिलिटर रु ५० बढाएर रु एक हजार आठ सय पुऱ्याइएको छ ।

त्यस्तै, ४२ दशमलव ८ प्रतिशत अल्कोहल भएको जिनमा प्रतिलिटर रु एक हजार तीन सय छ बाट बढाएर रु एक हजार तीन सय ४५ पुऱ्याइएको छ । ३९ दशमलव ९४ प्रतिशत अल्कोहल भएको जिनमा प्रतिलिटर रु एक हजार दुई सय १५ बाट बढेर रु एक हजार दुई सय ५० पुऱ्याइएको छ ।

फिल्टर नभएको सुर्तीको चुरोटमा प्रतिएम रु सात सय १० अन्तःशुल्क रहेकामा त्यसलाई रु सात सय ३० पुऱ्याइएको छ । ७० मिमीसम्मको लम्बाइ भएको चुरोटमा एम एक हजार छ सय २५ बाट बढाएर रु एक हजार ६ सय ९० पुऱ्याइएको छ । ७० देखि ७५ मिमीसम्म लम्बाइ भएकामा प्रति एम रु दुई हजार तीन सय, ७५ देखि ८५ मिमीसम्मकामा प्रतिएम रु दुई हजार ९ सय ७० अन्तःशुल्क तोकिएको छ ।

जर्दा, खैनी, नस, गुटखा र निकोटिनयुक्त पान मसला तथा सुर्ती मिश्रित तयारी वस्तुमा प्रतिकिलो रु आठ सय २१ अन्तःशुल्क लाग्ने गरेकामा त्यो बढेर प्रतिकिलो रु आठ सय ५० पुऱ्याइएको छ । मार्बल, ट्राभर टिन, इकोजिन र अन्य चुनद्वारा स्मारक वा भवन बनाउन प्रयोग हुने ढुंगामा पाँच प्रतिशत अन्तःशुल्क लाग्ने गरेकामा त्यसलाई बढाएर १५ प्रतिशत पुऱ्याइएको छ ।

विद्युतीय सवारी साधनको अन्तःशुल्कमा पनि सरकारले हेरफेर गरेको छ । 'स्पार्क इग्निसन इन्टरनल कम्बसन पिस्टोन इन्जिन' र धक्का दिन विद्युतीय मोटर दुवै भएको, विद्युत शक्तिको बाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेक अनएसेन्बल अवस्थाका सवारीको अन्तःशुल्क ४५ प्रतिशतबाट ६० पुऱ्याइएको छ । मोटरको पिक पावर ५० किलोवाटभन्दा बढी तर एक सय किलोवाट ननाघेको कार, जिप र भ्यानको अन्तःशुल्क ३० बाट घटाएर १० प्रतिशत पुऱ्याइएको छ ।

त्यस्तै, मोटर पिकपावर सय किलोवाटभन्दा बढी तर दुई सय किलोवाटभन्दा कम क्षमताका विद्युतीय कार, जिप र भ्यानको ४५ बाट घटाएर २० प्रतिशत बनाइएको छ । मोटरको पिक पावर तीन सय किलोवाटभन्दा माथिको कार, जिप र भ्यानको ६० प्रतिशत रहेकामा यथावत् राखिएको छ ।

मोटरसाइकलहरू (मोपेडसहित) र साइड काररहित वा सहित साइकलमा सहायक मोटर जडान गरिएका साइड कारहरूमा दुई सयदेखि दुई सय ५० सिसी क्षमतासम्मका लागि ८० प्रतिशत अन्तःशुल्क लाग्ने गरेकामा घटाएर ६० प्रतिशत बनाइएको छ । दुई सय ५० सिसीभन्दा बढी र चार सय सिसीसम्मको मोटरसाइकल तथा स्कुटरमा सडक निर्माण दस्तुर पनि घटाइएको छ । यस्तो मोटरसाइकलमा प्रतिगोटा रु ५० हजार सडक निर्माण दस्तुर लाग्ने गरेकामा रु २० हजारमा झारिएको छ ।

**आयकरतर्फ** :

विसं २०८५ चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएको ४० मेगावाटभन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत् आयोजना र ती आयोजनासँग तादम्यता राखी सञ्चालन गरिने तल्लो तटीय जलविद्युत् आयोजनाको हकमा पहिलो १५ वर्षसम्म पूरै र त्यसपछिको ६ वर्षसम्म ५० प्रतिशत आयकर छुट पाउने व्यवस्था आर्थिक विधेयकमा राखिएको छ ।

बिजनेस प्रोसेस आउटसोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङलगायतका सूचना प्रविधिमा आधारित सेवा निर्यात गरी सोवापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आर्थिक वर्ष २०८४-८५ सम्म विदेशी मुद्रा आर्जन गरेको आयको हदसम्म लाग्ने करमा ५० प्रतिशत छुट दिने व्यवस्था राखिएको छ ।

यसअघि वार्षिक रु २० लाखभन्दा माथिको आयमा ३६ प्रतिशत आयकर लाग्ने व्यवस्था थियो । यसवर्षको आर्थिक विधेयकमार्फत सरकारले ५० लाखभन्दा माथिको वार्षिक आयमा थप तीन प्रतिशत आयकर लाग्ने व्यवस्था ल्याएको छ ।

**भन्सार करतर्फ** :

ठोस रुपमा उखु र चुकन्दरबाट बनाइएको चिनी, सख्खर, गुँड, भेल, खाँडसारी चिनी, मिश्री, सुगर क्युबको भन्सार ३० प्रतिशतमा झारिएको छ । यी वस्तुमा १० प्रतिशत विन्दुले भन्सार कर घटाइएको हो ।

जाइफल, जाइपत्री, अलैंची, सुकुमेलमा १० प्रतिशत भन्सार लाग्दै आएकामा त्यसलाई बढाएर २० प्रतिशत बनाइएको छ । साबुदानामा यसअघि पाँच प्रतिशत भन्सार लाग्ने गरेकामा बढाएर १० प्रतिशत बनाइएको छ ।

लिक्विट प्याराफिन आयलमा लाग्ने भन्सार तीस प्रतिशतबाट २० प्रतिशत झारिएको छ । पत्रु फलाममा १४ मिमीभन्दा कम नापको ब्यास भएको वृत्ताकार तिर्यकच्छेद (क्रस सेक्सन) को ८ मिमी ननाघेको भन्सार १० प्रतिशत रहेकामा घटाएर पाँच प्रतिशत बनाइएको छ ।

**बिलासिता शुल्क कर** :

सरकारले पाँचतारे माथिका ठूला होटल, आयातीत मदिरा र बहुमूल्य धातुको बिक्री वितरणमा दुई प्रतिशत बिलासिता शुल्क लगाएको छ । पाँचतारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातीत मदिरा, रु दश लाखभन्दा बढीका हिरा, मोती, पत्थर जडित सुनलगायत बहुमूल्य धातुका गहनामा दुई प्रतिशत विलासिता कर लगाइएको हो ।

पाँचतारे र सोभन्दा माथिका होटल तथा लक्जरी रिसोर्टले सेवा प्रदान गरेको बखत नै विलासिता कर लगाउनेछन् । त्यस्तै, आयातीत मदिरामा पैठारी हुने भन्सार विन्दुमा पैठारीका बखत विलासिता कर लाग्नेछ । रु १० लाखभन्दा माथिका पत्थर जडित धातुका गहना बिक्री गर्दा बिक्रेताले बिक्रीका बखत यस्तो कर लगाउनेछन् ।

विलासिता करबापत संकलन गरेको रकम हरेक महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरणसहितको जानकारी सम्बन्धित राजस्व कार्यालयलाई पठाउनुपर्नेछ । कुनै व्यक्तिले विलासिता शुल्कबापतको रकम दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लगाई असुल गरिने व्यवस्था आर्थिक विधेयकमा राखिएको छ ।

त्यस्तै, विलासिता करसम्बन्धी विवरण पेस नगरेमा त्यस्तो व्यक्तिलाई विवरण पेस गर्नुपर्ने मितिबाट विवरण दाखिला नभएको मितिसम्म वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुन आउने रकम शुल्क लाग्नेछ । विलासिता शुल्कबापतको रकम असुल नगरेमा सो रकमको २५ प्रतिशत शुल्क लाग्ने आर्थिक विधेयकमा उल्लेख छ ।

**विदेशबाट ल्याइएका मोबाइल फोनमा कर** :

नयाँ व्यवस्थाअनुसार विदेशबाट ल्याइएका आइफोन र एक लाखभन्दा माथिका मोबाइल फोनमा रु १० हजार कर लाग्ने भएको छ । अन्य स्मार्टफोनमा रु तीन हजार र स्मार्टफोन बाहेकका अन्य मोबाइलमा रु दुई सय कर लाग्ने व्यवस्था सरकारले ल्याएको छ ।

२०८० साल जेठ १५ गतेसम्म प्रयोगमा रहेका तर नेपाल दूरसञ्चार प्राधिकरणले कार्यान्वयनमा ल्याएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम ९एमडिएमइस० प्रणालीमा दर्ता नभएका मोबाइल फोन सम्बन्धित प्रयोगकर्ताले फोनसेटको आइआएमइआई नम्बरसमेत उल्लेख गरी एकमुष्ट महसुलबापत यस्तो कर बुझाउनुपर्नेछ ।

'आइफोन र रु एक लाखभन्दा बढी मूल्यका लागि प्रतिसेट रू १० हजार, अन्य स्मार्टफोनका लागि रु तीन हजार र स्मार्ट मोबाइल फोनसेट बाहेकका अन्य साधारण मोबाइल फोनसेटका लागि प्रतिफोनसेट रु दुई सय कर लाग्नेछ', आर्थिक विधेयक २०८० मा भनिएको छ ।

तर, श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई छ महिनाभन्दा बढी अवधि विदेशमा बसेर फर्केका नागरिकले सोको प्रमाण पेस गरेमा त्यस्ता व्यक्तिले प्रयोग गरेमा एक थान मोबाइल फोन दूरसञ्चार प्राधिकरणले निःशुल्क दर्ता हुनेछ ।

**वैदेशिक रोजगारीमा जानेलाई एक प्रतिशत सेवा शूल्य** :

सरकारले वैदेशिक रोजगारीमा जानेहरूलाई एक प्रतिशत सेवा शुल्क लगाएको छ । 'वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नुपर्नेछ', आर्थिक विधेयकमा भनिएको छ ।

त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिने आर्थिक विधेयकमा उल्लेख छ । यस्तो सेवा शुल्क वैदेशिक रोजगार व्यवसायीले हरेक महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाइ सक्नुपर्नेछ । यस्तो शुल्क दाखिल नगरेमा १५ प्रतिशतका दरले ब्याज लगाई असुल गरिने आर्थिक विधेयकमा उल्लेख छ ।

## लेण्डुपको...

सन्तानको बाबु र आमा दुवै नेपाली रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने उल्लेख छ । यस्तै नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मान्ने, नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्ने, विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मिएको व्यक्तिले यहाँको नागरिकता लिँदाको बखत निजको आमा र बाबु दुवै नेपाली नागरिक रहे त्यस्तो व्यक्तिले वंशजका आधारमा नागरिकता प्राप्त गर्ने प्रावधान पनि छन् । राष्ट्रपति पौडेलले निष्क्रिय भइसकेको राष्ट्रघाती नागरिकता विधेयकलाई प्रमाणीकरण गरेर संविधानको उल्लंघन मात्र गरेका छैनन्, जनभावनामाथि समेत खेलबाड गरेका छन् ।

राष्ट्रपति पौडेलले सुरुको विधेयक संसदमै विचार गर भनेर पठाउन सक्थे । उनले यसमा सर्वोच्च अदालतको राय लिन सक्थे । राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिअनुसार मन्त्रिपरिषद्ले जेठ २ मा निर्णय गरी विधेयक प्रमाणीकरणका लागि जेठ १२ मा पठाएको थियो । विज्ञप्तिमा संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत बमोजिम विधेयक प्रमाणीकरण गरेको उल्लेख छ । राष्ट्रपतिले जिकिर गरेका धारामा राष्ट्रपतिको व्यवस्था तथा तिनका काम कर्तव्य र अधिकारको उल्लेख भए पनि विधेयक प्रमाणीकरणको कुनै प्रावधान लेखिएको छैन । नागरिकता प्रमाणीकरणको व्यवस्था धारा ११३ मा प्रष्ट रुपमा उल्लेख छ तर राष्ट्रपतिको विज्ञप्तिमा त्यो धाराको जिकिर नै छैन । असान्दर्भिक धारा उल्लेख गरेर विधेयक प्रमाणीकरण गरेर राष्ट्रपति पौडेलले सिक्किमका काजी लेण्डुप दोर्जेको झझल्को दिएका छन् ।

धारा ११३ को उपधारा (१) मा धारा १११ बमोजिम प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिने विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्ष प्रमाणित गरी पेस गर्नुपर्नेछ' भनिएको छ । प्रमाणीकरणका लागि राष्ट्रपतिलाई विधेयक पठाउन एक मात्र हक छ कि सभामुखलाई छ कि राष्ट्रिय सभाको अध्यक्षलाई । संविधानमा मन्त्रिपरिषद्ले त्यो विधेयक राष्ट्रपतिसमक्ष पठाउने अधिकार संविधानले दिएको छैन । न त संसदको आँखा छलेर चोरबाटोबाट मन्त्रिपरिषद्ले पठाएको त्यस्तो विधेयकलाई प्रमाणीकरण गर्ने व्यवस्था नै संविधानले गरेको छ । राष्ट्रपति पौडेलको यो हर्कतले संविधानको खिल्ली उडाएको छ र विधेयक प्रमाणीकरणको विषय सर्वोच्च अदालतमा पुग्ने निश्चित छ ।

नेपाली पुरुष र विदेशी महिलाबाट जन्मिएका सन्तानले वंशजको आधारमा, तर नेपाली महिला र विदेशी पुरुषबाट जन्मिएका सन्तानले अंगीकृत नागरिकता पाउने प्रस्ताव विधेयकले गरेको छ । जन्मसिद्ध नेपाली नागरिकका सन्तानहरूलाई नागरिकता दिने नाममा नेपालमा नजन्मिएका, स्थायी बसोबास नभएका सन्तानलाई र किर्ते जन्मसिद्ध नागरिकहरूका सन्तानहरूलाई समेत वंशजको नागरिकता दिने प्रावधानले सोझै लाखौं गैरनेपालीहरूले नेपालको वंशजको नागरिकता पाउने छन् । सरकारले भूराजनीतिक बनोटको देशको संवेदनशीलता समेत बेवास्ता गर्दै विधेयक ल्याएको छ । चीन र भारतजस्ता विशाल भूगोल र जनसंख्या भएका मुलुकका बीचमा अवस्थित छ नेपाल ।

विशेषगरी भारतीय दबाबमा अन्तरिम संविधान ०६३ संविधान जारी हुनुभन्दा अगाडि नै २०६३ मंसिर १० गते नाागरिकता ऐन ल्याइएको थियो । त्यसमा विवादास्पद र राष्ट्रहित विपरीत प्रावधानहरू थिए । उक्त ऐनको आधारमा पहिलो संस्करणको संविधानसभा निर्वाचनअघि गृह प्रशासनले नागरिकता वितरण गऱ्यो । सीमावर्ती भारतीय गाउँहरूमा बसोबास गर्ने ठूलो संख्याका भारतीय नागरिकहरूले समेत किर्ते कागजात बनाई जन्मसिद्ध नेपाली नागरिकता लिन सफल भएका थिए । विघटित श्री ५ को सरकारको समयका कागजपत्र, छाप, लोगो र कार्ड प्रयोग गरी हिजाआज पनि तराईमा व्यापक रुपमा किर्ते नागरिकता किनबेच भइरहेका छन् । भारतीय पुरुष पक्षले नेपाली कन्या पक्षसँग दाइजो (दहेज) नलिई नेपाली नागरिकताकै आधारमा मात्रै पनि नेपाली कन्या बिहे गर्ने र भारतीय पुरुषले आफ्ना सासुससुरालाई आमाबाबु बनाई किर्ते नागरिकता बनाउने व्यापक प्रचलन रहेको छ ।

०६३ सालको कानुनमा नै मतदाता सूचीको आधारमा नागरिकता दिइएकाले लाखौं भारतीयहरूले नेपाली नागरिकता लिएको प्रस्ट छ । सो ऐन अनुसार गैरनेपालीलाई नागरिकता दिन ३ जनाको सिफारिस गरी लाखौं किर्ते नागरिकता लिएको तथ्यहरू प्रमाणित भइरहेका छन् । २०३६ सालको मतदाता नामावली (जसलाई त्यतिबेलै अध्यादेशद्वारा खारेज गरिएको थियो) लाई पनि आधार बनाएर ०४६ सालपछिका एकपछि अर्को ढंगले नागरिकता दिँदै गए । ०५४ सालमा जितेन्द्र नारायणदेवले नागरिकता नामावलीकै आधारमा नागरिकता वितरण गरेपछि सर्वोच्च अदालतले त्यस्ता नागरिकतालाई खारेज गऱ्यो । तर सरकारले भने सर्वोच्चको त्यो फैसलालाई अझै कार्यान्वयन गरेको छैन । शक्तिशाली नागरिकता छानबिन उच्चस्तरीय समिति बनाएर गैरनेपालीहरूको हातमा पुगेको नेपाली नागरिकता सरकारले खोस्नुपर्नेमा गैरनागरिकले सजिलै नागरिकता पाउने गरी दायरा फराकिलो पार्दै नागरिकता विधेयक सरकारले ल्याउनु देशकै निम्ति घातक छ ।

नेपाली पुरुषसँग बिहे गरेर आउने विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता पाउने व्यवस्था संविधानको धारा ११ उपधारा ६ ले गरेको छ । नेपाली महिलासँग बिहे गरेर नेपाली नागरिकता लिन चाहने विदेशी पुरुषलाई नागरिकता दिने, नदिने भन्ने विषयमा विधेयक बोलेको छैन ।

नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले माइती देशको नागरिकता नत्यागी तत्काल अंगीकृत नेपाली नागरिकता पाउने छिन् । अर्थात् एकैचोटि दुई देशको नागरिक बन्ने सुविधा पाउँछिन् । भारतीय संविधानले भारतीय नागरिकसँग विवाह गर्ने विदेशी चेलीले सात वर्ष पछि मात्र नागरिकताका निम्ति निवेदन गर्ने अधिकार पाउँछिन् । तर नागरिकता पाउने ग्यारेन्टी हुँदैन । विदेशी पुरुषसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मेका सन्तान जहाँ जन्मिएको भए पनि नेपाली नागरिक हुन सक्ने थप व्यवस्थाले नेपालीहरू नै विस्तारै अल्पमतमा पर्न सक्ने खतरा बढेको छ ।

किर्ते नागरिकता र सर्वोच्च अदालतले खारेज गरेका नागरिकताका प्रमाणपत्रहरू अद्यावधिक चलनचल्तीमै रहेका छन् । लाखौं भारतीयहरूले नेपाली नागरिकता प्राप्त गरिसकेको अवस्था छ । जब निर्वाचन आउँछ त्यसको पूर्वसन्ध्यामा नागरिकता वितरण गर्ने गरिएको छ । हालसम्म झन्डै ४५ लाख भारतीयले नेपाली नागरिकता लिइसकेको अनुमान गरिएको छ । मधेस आन्दोलनताका भारतीय तत्कालीन गृहमन्त्री राजनाथ सिंहले मधेसमा १ करोड भारतीयहरू रहेको र तिनको सुरक्षाको वकालत गरेका थिए । खुला सिमाना, सन् १९५० को शान्ति तथा मैत्री सन्धि, सीमापारका सामाजिक तथा वैवाहिक सम्बन्ध, भ्रष्ट र घूसखोरी प्रशासन, भारत सरकारको नेपाली नागरिकता हत्याउने विदेश नीति र योजनाका कारण व्यापक रुपमा भारतीय नागरिकहरूले नेपाली नागरिकता प्राप्त गरिसकेका छन् । यो विधेयक यदि ऐन बने थप लाखौं भारतीयहरूले नागरिकता लिने बाटो खुल्नेछ । भारतको जनसंख्या एक अर्ब ४० करोड पुगिसकेको छ । नेपालको जनसंख्या तीन करोडको हाराहारीमा छ । भारत नेपालभन्दा भूगोलमा २२ गुणा ठूलो छ । यति धेरै क्षेत्रफल र जनसंख्या भएको मुलुक भारतबाट खुला सीमाका कारण भारतीयहरू नेपालमा आइरहेका छन् रोजगारीका निम्ति र व्यवसायका निम्ति । नेपाल, भारत खुला सिमानालाई नियमत गर्ने व्यवस्था यदि नगर्ने हो भने नेपालभित्रै नेपालीहरू अल्पमतमा पर्न सक्नेछन् फिजीको जस्तो । नेपाल र भारतका प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदनमा सीमा नियमनको व्यवस्था गर्ने विषय समेटिएकै कारण भारतीय पक्षले प्रतिवेदन नबुझेको स्पष्ट छ ।

## नागरिकता...

कार्यान्वयन नगर्न अन्तरिम आदेशसमेत मागेका छौं ।' नागरिकता विधेयकसम्बन्धी समस्यालाई अध्ययन गरी दीर्घकालीन समाधान गर्नू भन्ने आदेश माग गरिएको उनले जानकारी दिए । 'नागरिकताको विषय दीर्घकालीन समस्या भएकाले संसद्बाटै ऐन बनाउनुपर्छ । यसको समस्या के हो र कहाँ कहाँ समस्या छ र समाधानका उपाय केके हुन् भन्ने अध्ययन गरी संसद्लाई कानुन बनाउनू भन्ने आदेश मागेका छौं,' उनले भने ।

## संसद...

उपसभामुख रानाले नेपालले पनि स्ट्यान्ड लिनुपर्ने धारणा राखेकी हुन् ।

'अरूले जेसुकै भने पनि मलाई त मेरो देश नेपाल महानेपाल हुनुपर्छ । अरूले ग्रेट इन्डिया भन्छ भने हामीले ग्रेट नेपाल भन्छौं । त्यसमा हामीले स्ट्यान्ड लिनुपर्छ,' उनले भनिन् ।

## अखण्ड...

राख्दै 'दृढता स्पष्ट छ - अखण्ड' भारत भन्दै ट्वीट गरेका छन् । त्यसैगरी लोकसभामा बीजेपीका सांसद मनोज कोडाकले 'अखण्ड भारत'ले शक्तिशाली र आत्मनिर्भर भारत भन्दै ट्वीट गरेका छन् । 'नयाँ संसद् भवनमा अखण्ड भारत । यसले हाम्रो शक्तिशाली तथा आत्मनिर्भरताको प्रतिनिधित्व गर्छ' उनले लेखेका छन् । राष्ट्रिय स्वयंसेवक संघले 'अखण्ड भारत'को धारणाले भौगोलिक अभिवाजित भारतको प्रतिनिधित्व गर्ने बताउँदै आएको छ । जसमा हालको अफगानिस्तानदेखि दक्षिण पूर्व एशियाको थाइल्यान्डसम्मको भूभागलाई समेट्ने जनाएको छ ।

## विशाल...

घरघरबाट निकालेर भ्रष्टाचारीलाई कारबाही गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । ०४६ सालको जनआन्दोलनपछि राज्यका उच्च पदमा बस्ने व्यक्ति र राजनीतिज्ञहरूको सम्पत्ति छानबिन गर्न तत्काल शक्तिशाली आयोग गठन हुनुपर्नेमा उहाँले स्पष्ट पार्नुभयो ।

देशभक्तिपूर्ण चलचित्र काँडेतारमाथि लागेको सरकारी प्रतिबन्ध हटेकोमा नायक नवल खडकालाई बधाई दिँदै सभापति ढकालले उक्त चलचित्रलाई निर्माणको क्रममा उद्घोष गरेबमोजिम डेढ लाख रुपैयाँको सहयोग सुरेन्द्र ढकाल प्रतिष्ठानमार्फत हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा सम्मानित हुनुभएका काँडेतार चलचित्रका नायक, निर्देशक तथा निर्माता नवल खड्काले आफूलाई सम्मान गरेकोमा विशाल नेपाल महाअभियान र सुरेन्द्र ढकाल प्रतिष्ठानलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । नायक खडकाले आफूले फरक धारका देशभक्तिपूर्ण चलचित्र निर्माण गर्दा झेल्नु परेका अवरोधहरूको फेहरिस्त सुनाउनुभयो । आफूले आर्थिक सहयोगसहित पाएको सम्मानले थप प्रोत्साहन मिलेको भन्दै आफू निरन्तर रुपमा नेपाली राष्ट्रियताको पक्षमा डटेर लाग्ने बताउनुभयो । मुलुकमा व्याप्त भएको भ्रष्टाचार र भर्खरै पटाक्षेप भएको नक्कली भूटानी शरणार्थी प्रकरणको नायक खड्काले कडा शब्दमा आलोचना गर्नुभयो । जुनसुकै तहका भए पनि भ्रष्टाचारीहरूलाई कानुनको कठघरामा उभ्याउन उहाँले माग गर्नुभयो । विशाल नेपाल महाअभियानमा आफूले सक्दो सहयोग पुऱ्याउने प्रतिबद्धता उहाँले जाहेर गर्नुभयो ।

प्रमुख अतिथिको रुपमा कार्यक्रममा सहभागी रहनुभएका वरिष्ठ सीमाविद, लेखक तथा नापी विभागका पूर्व महानिर्देशक बुद्धिनारायण श्रेष्ठले आफ्नो सम्बोधनका क्रममा भारतले सीमा अतिक्रमण गरेको प्रमाण सहितका तथ्यांक प्रस्तुत गर्दै सीमा अतिक्रमण रोक्न सरकारको ध्यानाकर्षण गराउनुभयो । आफूले निरन्तर रुपमा लेखेर, बोलेर सीमा अतिक्रमणको विरोध गरिरहेको बताउँदै श्रेष्ठले ग्रेटर नेपाल महाअभियानले गरिरहेको राष्ट्रियताको आन्दोलनप्रति समर्थन जनाउनुभयो । प्रमुख अतिथि श्रेष्ठले राजनीतिक र प्रशासनिक क्षेत्रका उच्च पदस्थ व्यक्तिहरूले गरेका सबै खाले भ्रष्टाचारको निष्पक्ष छानबिन गरी कानुनी कठघरामा उभ्याउनुपर्नेमा जोड दिनुभयो । भ्रष्टाचारले मुलुकलाई खोक्रो पारेको भन्दै सीमाविद श्रेष्ठले मुलुक बचाउन भ्रष्टाचारको अन्त्य हुनैपर्छ भन्नुभयो । उहाँले काँडेतार चलचित्रका नायक निर्माता नवल खडकालाई हार्दिक बधाई ज्ञापन गर्दै चलचित्रले सफलता पाओस् भन्ने शुभकामना दिनुभयो । कार्यक्रममा नेपाली कांग्रेस (बीपी) का महामन्त्री, अभियन्ता तारा बराल, विशाल नेपाल महाअभियानका सदस्य तथा संयुक्त राष्ट्र संघका पूर्व चार्टर्ड एकाउन्टेन्ट ईश्वरीप्रसाद भट्टराई, अभियन्ता महेश प्रेमी उदास समेतले सम्बोधन गर्दै भ्रष्टाचारको विरोध गर्नुभएको थियो । महाअभियानका अभियन्ता तेजेन्द्र प्रसाईंले 'ओ भ्रष्टाचारी' शीर्षकको कविता वाचन गर्नुभएको थियो । अभियन्ता राम घिसिङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रमको सञ्चालन अभियन्ता कविता आचार्यले गर्नुभएको थियो ।

## सीमा...

चेकपोस्टको उद्घाटन, अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइनको शिलान्यास, सिलीगुढ़ी-झापा पेट्रोलियम पाइपलाईन निर्माण कार्यको समझदारी, चाँदनी दोधारा इन्टिग्रेटेड चेक पोस्ट निर्माणको समझदारी, फुकोट कर्णाली हाईड्रोपावर प्रोजेक्टमा सम्झौता र क्रस बोर्डर पेमेन्टबारे समझदारी भएको छ ।

उक्त अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल–भारत सीमा समस्या समाधान हुने बताएका छन् । भारत भ्रमणमा रहेका नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालसँग हैदराबाद हाउसमा भएको संयुक्त पत्रकार सम्मेलनमा मोदीले नेपाल–भारत सीमा समस्या समाधान हुने बताएका हुन् ।

उनले नेपाल र भारतको सीमा समस्या समाधाने हुने बताए पनि कसरी र कहिलेसम्म हुने भन्ने बताएका छैनन् । त्यस्तै मोदीले दुई देशको सम्बन्ध हिमालय जत्तिकै उचाइमा रहेको पनि बताए । यस अवसरमा दाहालले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका छन् । बिहीबार हैदराबाद हाउसमा भएको संयुक्त पत्रकार सम्मेलनमा सम्बोधनको क्रममा दाहालले मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका हुन् । बहुचर्चित इपिजी प्रतिवेदन बुझ्ने बारेमा भने मोदीले मुख खोलेनन् ।

दाहालले दुई देशबीच बहुआयामिक क्षेत्रमा भएको सम्झौता र समझदारीले दुई देशबीचको विकास र समृद्धिमा सहयोग पुग्ने विश्वास समेत व्यक्त गरेका छन् । नेपालले महेन्द्रनगरबाट हवाई रुट मागेको थियो । तर यसमा ठोस सहमति भएन । त्यस्तै पञ्चेश्वर परियोजनाको पनि टुंगो लगाउनुपर्ने माग थियो ।

प्रधानमन्त्री दाहालले भैरहवालगायतका विमानस्थलबाट भारतका नजिकका सहरमा जाने एटीआर उडानका लागि भारत सरकार सकारात्मक भएको बताए । तर यो विषय सहमतिका रूपमा भने आएन । सरकारसँग भएको सात वटा सम्झौतामा भने यो विषय छैन ।

पञ्चेश्वरको परियोजनाका लागि तीन महिनामा डीपीआर तयार गर्ने दुवै देशका अधिकारीहरूलाई निर्देशन दिइएको प्रधानमन्त्री दाहालले बताए । एक वर्षभित्र परियोजनाको मोडालिटी तय हुने उनले उल्लेख गरेका छन् । डीपीआर बनाउनेलगायतका विषय वर्षौंदेखिकै रटान हो । विगतका भ्रमण र वार्ताहरूमा पनि यही विषय आउने गरेको थियो । अहिले पनि ठोस सहमतिबिना पुरानै कुरा दोहोऱ्याइयो । ९ वर्षअघि पहिलो पटक नेपाल भ्रमणमा आउँदा मोदीले संसद्मा बोल्दै पञ्चेश्वर ५ वर्षभित्र सम्पन्न हुने बताएका थिए । पञ्चेश्वर परियोजनामा नेपाल-भारतबीच पानीको भोगचलन र लाभका आधारमा लगानीसहित १२६ विषयमा विमति देखिएको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी १० वर्षमा नेपालको १० हजार मेगावाट बिजुली किन्ने बताएका छन् । उनले फुकोट कर्णाली हाइड्रपावरलगायतका आयोजनामा भारतले मिलेर काम गर्ने पनि जानकारी गराए । साथै मोदीले प्रधानमन्त्री पुष्पकमल दाहालसहित दुई देशका प्रतिनिधिमण्डलबीचको छलफलबाट आफूहरूले पार्टनरसिपलाई सुपरहिट बनाउन महत्वपूर्ण निर्णयहरू लिइएको पनि बताए ।

विशेषगरी विद्युत खरिद र उत्पादनका लागि भएको समझदारी र सम्झौताबाट आफू उत्साहित भएको पनि दाहालले बताए ।

## आगामी...

हुने अनुमान गरेको छ। सार्वजनिक ऋणको साँवा फिर्तामा दुई खर्ब २५ अर्ब १७ करोड र ब्याज भुक्तानीमा एक खर्ब पाँच अर्ब ३८ करोड खर्च हुने सरकारको अनुमान छ। आगामी आवमा ऋण सेवामा हुने सरकारी खर्च चालू आवको संशोधित अनुमानभन्दा ९४ अर्ब ६० करोडले बढी हुनेछ। चालू आवमा सरकारले ऋण सेवामा कुल दुई खर्ब ३५ अर्ब ९५ करोड खर्च गर्ने संशोधित अनुमान छ। यस वर्ष सरकारको ऋण सेवाअन्तर्गत ब्याजमा ७६ अर्ब ६४ करोड र साँवा फिर्ता एक खर्ब ५९ अर्ब ३१ करोड खर्च हुने संशोधित अनुमान छ।

सरकारले बजेटमार्फत नै प्रतिफल आउने आयोजनामा मात्रै ऋण परिचालन गर्ने घोषणा गरेको छ। तर, बजेटका अनुसूचीमा भने चालूतर्फ समेत ऋण रकम परिचालन गरिने उल्लेख छ। सरकारले आगामी आर्थिक वर्षमा उठाउने सवा ३८ अर्ब रुपैयाँ ऋण चालू खर्चतर्फ परिचालन गरिने भएको छ। कुल ऋणमध्ये चालूतर्फ ३८ अर्ब ३८ करोड र पुँजीगततर्फ एक खर्ब १७ अर्ब खर्च गरिने सरकारी अनुमान छ।

सरकारले आगामी आर्थिक वर्षमा कर्मचारीको तलबदेखि सरकारी वेतनधारीको गाडी सञ्चालन तथा मर्मतमा समेत ऋणको रकम परिचालन गर्ने भएको छ। त्यस्तै, सेवा तथा परामर्श लिन, अनुगमन र भ्रमण गर्न, गोष्ठी, तालिमलगायत कार्यक्रम गर्न एवं सामाजिक सुरक्षा वितरणमा समेत ऋण रकम परिचालन गर्ने बजेटमा उल्लेख छ।

बजेटको अनुसूचीमा उल्लेख भएअनुसार आगामी वर्ष ऋण लिएको रकममध्ये तलब दिन दुई करोड ४६ लाख, मालसामान र सेवाको उपयोगमा दुई अर्ब ९० करोड, इन्धनमा तीन करोड ९८ लाख, सवारी मर्मतमा दुई अर्ब ३६ करोड, कार्यालयका समान र सेवा खरिदमा आठ करोड ७२ लाख तथा सेवा र परामर्शमा ६४ करोड ७० लाख खर्च गरिनेछ। त्यस्तै, अनुगमन र मूल्यांकनमा सात करोड ५३ लाख, कार्यक्रम, तालिम र गोष्ठीमा एक अर्ब ९५ करोड, सामाजिक सुरक्षामा ८९ करोड ४७ लाख र सामाजिक सहायतामा ८९ करोड २२ लाख रुपैयाँसमेत ऋणको रकम परिचालन गरिने बजेट अनुसूचीमा उल्लेख छ।

आगामी आर्थिक वर्षमा सरकारले द्विपक्षीयतर्फ २२ अर्ब ३४ करोड र बहुपक्षीयतर्फ एक खर्ब ८७ अर्ब रुपैयाँ वैदेशिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ। बहुपक्षीयतर्फ सबैभन्दा बढी एडिबीबाट ८५ अर्ब ८६ करोड र विश्व बैंकबाट ७८ अर्ब ६१ करोड ऋण लिने अनुमान गरिएको छ। त्यस्तै, दुईपक्षतर्फ सबैभन्दा बढी भारतबाट ६ अर्ब ६६ करोड ऋण परिचालन गर्ने अनुमान छ। त्यस्तै, जापानबाट पाँच अर्ब ४१ करोड, युरोपियन युनियनबाट पाँच अर्ब ६५ करोड, चीनबाट तीन अर्ब र साउदीबाट एक अर्ब ४३ करोड ऋण लिने अनुमान गरिएको छ।